का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० फागुन २०७९,
शनिबार
4 March 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## जनप्रतिनिधिको ध्यान सुविधामा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

हरेक सरकारले विकासका काममा भन्दा तलब र कर्मचारीको सेवासुविधामा मात्रै बढी बजेट खर्च गरेको तथ्यांक सार्वजनिक भइरहँदा उच्चपदस्थ व्यक्तिहरु नै तलब नपुगेको गुनासो गर्न थालेका छन् । उपसभामुख इन्दिरा रानामगरले एक कार्यक्रममै पुगेर आफूले तलब सेवा सुविधा कम पाएको भन्दै बढाउन माग गरेकी हुन् ।

'पहिला पुरुष उपसभामुख हुँदा आर्मी दिन्थ्यो रे । उहाँहरूलाई चाहिँ मन्त्रीसरह सुविधा हुन्थ्यो रे । उपसभामुखलाई घर दिने रे भनिएको छ, दिइएको छैन । ३६ हजार निवास भाडा दिइएको छ । आफू ४४ हजार तिरेर बस्नुपरेको छ,' उनले भनिन् । साथै उनले राज्यको माथिल्लो निकायमा भ्रष्ट आचरण रहेकै कारण आफूलाई सेवा-सुविधा दिने कुरामा समेत विभेद गरेको आरोप लगाएकी हुन् ।

> संघ, प्रदेश र स्थानीय निकायको बजेट प्रशासनिक क्षेत्रमा मात्रै उच्च खर्च भएको देखिन्छ । पछिल्लो १० वर्षमा विनियोजन बजेटको खर्च औसतमा ८२.१ प्रतिशत हुने गरेको अर्थ मन्त्रालयको तथ्यांकले देखाउँछ ।

उनले सेवा सुविधाको विषय उठाउँदै गर्दा संघ, प्रदेश र स्थानीय निकायको बजेट प्रशासनिक क्षेत्रमा मात्रै उच्च खर्च भएको देखिन्छ । पछिल्लो १० वर्षमा विनियोजन बजेटको खर्च औसतमा ८२.१ प्रतिशत हुने गरेको अर्थ मन्त्रालयको तथ्यांकले देखाउँछ । त्यसमा पूँजीगत खर्चको अवस्था अझ दयनीय छ । पछिल्लो १० वर्षको औसत तथ्यांक अनुसार पूँजीगत खर्च औसत ७०.१ प्रतिशत मात्रै रहेको छ ।

अघिल्लो आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने कर्मचारी र पदाधिकारीको तलबभत्ता, पेन्सन आदिमा रु.१ खर्ब १९ अर्ब खर्च भएको हो । यो वार्षिक कुल खर्चको ९.९५ प्रतिशत हो । कुल खर्च मध्ये विकास निर्माण लक्षित पूँजीगत खर्च १९.१२ प्रतिशत मात्रै भएको थियो । बजेट खर्च गर्नसक्ने क्षमतालाई मध्यनजर गरेर बजेटको आकार तय नहुँदा समस्या आएको अर्थविद् गोविन्द नेपाल बताउँछन् । 'नीतिगत तहमा पुगेका व्यक्तिहरुको समेत ध्यान तलबभत्ता वृद्धि गर्नेमा जाँदा झनै समस्या भएको छ, अहिले तीनवटै तहले सेवासुविधा र प्रशासनिक खर्चलाई उच्च प्राथमिकतामा राखेका छन्' उनले भने ।

उनले आर्थिक वर्षको अन्तिम महिनामा उल्लेख्य खर्च हुने गरेकोबाट वित्तीय अनुशासन कायम गर्न कठिनाइ उत्पन्न हुदाँ र बजेटको प्राथमिकता र कार्ययोजना अनुसार खर्च हुन नहुँदा झनै समस्या भएको बताएका छन् । सरकारमा पुग्ने राजनीतिक नेतृत्वले दिने सही योजना र कर्मचारीतन्त्रमा अपेक्षित सुधार नआउँदा विनियोजित बजेट सक्ने काम मात्रै भएको छ । तसर्थ, जनप्रतिनिधिको ध्यानतलब सेवासुविधातर्फ भन्दा पनि विकासका र परिवर्तनका लागि हुनुपर्ने माग चर्को रुपमा उठ्न थालेको छ ।



सात वर्ष अगाडि, २०७२ वैशाख १२ मा गएको महाविनासकारी भूकम्पबाट क्षतिग्रस्त काठमाडौं बसन्तपुरको मन्दिर । यो मन्दिर पुनर्निर्माण कार्यले अझै पूर्णता पाउन सकेको छैन । तस्बिर: विमलबहादुर बिष्ट, रासस

### राष्ट्रपति निर्वाचन

## सत्तारूढमा मतक्रसको भय

मतभारका हिसाबले आफ्ना उम्मेद्वार रामचन्द्र पौडेल मुलुकको तेस्रो राष्ट्रपति निर्वाचित हुने निश्चित भएपनि मतक्रस हुने डरले सत्तारूढ गठबन्धनका नेताहरू विभिन्न गतिविधि गरिरहेका छन् । एमाले पनि आफ्ना उम्मेद्वार सुवास नेम्वाङलाई जिताउने एकसूत्रीय अभियानमा जुटेको छ ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

नेपाली कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धनले शुक्रबार सातै प्रदेशमा आफ्ना सांसदहरुलाई अभिमुखीकरण गरेको छ । अभिमुखीकरणमा आठ दलीय गठबन्धनका सांसदहरू सहभागी थिए । अभिमुखीकरणमा गठबन्धनका नेताहरुले नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपति बन्ने निश्चित रहेको बताए ।

पौडेल राष्ट्रपति बन्ने निश्चित रहेपनि सांसदहरुलाई अभिमूखीकरण गर्नुपर्ने औचित्य समेत गठबन्धनका दलहरुले लुकाएका छैनन् । ती नेताहरुका अनुसार, नेकपा एमालेले आफ्नो उम्मेद्वार सुवास नेम्वाङ जिताउन गरिरहेको प्रयत्न असफल बनाउन अभिमूखीकरणको आवश्यकता परेको हो ।




राष्ट्रपतिमा रामचन्द्र पौडेल जिताउन सत्तारुढ आठ दलीय गठबन्धनले पोखरामा गरेको अभिमुखीकरण कार्यक्रममा सहभागीहरु । गठबन्धनले सातै प्रदेशमा शुक्रबार अभिमुखीकरण गरेको थियो । तस्वीरः कृष्ण दवाडी, रासस

बागमती प्रदेशका सांसदहरुको भेला नयाँ बानेश्वरमा भएको थियो । त्यो भेलामा कांग्रेसका महामन्त्री गगन थापाले एमालेको प्रयत्न असफल हुने बताए । उनको भनाइ थियो, 'एमाले जुन पार्टी कार्यालय जान्छ, त्यही सकारात्मक छलफल भएको बताइरहेको छ, यसबाट भ्रम सिर्जना गर्न खोजिरहेको छ ।' तर एमालेको प्रयत्न सफल हुन नदिने महामन्त्री थापाले बताए ।

उनले गठबन्धनबाट एक मत पनि दायाँबायाँ नहुने बताए । थापाले भने जस्तै सत्ता गठबन्धनको मत एमालेतिर नगए पौडेलले राष्ट्रपति जित्ने निश्चित छ । सत्ता गठबन्धनमा कांग्रेससँग १६ हजार २२१, नेकपा माओवादी केन्द्रसँग ७ हजार ७२८, नेकपा एकीकृत समाजवादीसँग २ हजार ४७८, जनता समाजवादी पार्टी (जसपा) सँग २ हजार ९७, जनमत पार्टीसँग १ हजार २४२, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग ८२७, नागरिक उन्मुक्ति पार्टीसँग ७६५ र राष्ट्रिय जनमोर्चासँग १५८ मत छ । यो सबै जोड्दा ३१ हजार भन्दा धेरै हुन्छ । जबकी कुल मतभारको ५१ प्रतिशत अर्थात् २६ हजार ३२५ मतभार भए राष्ट्रपति निर्वाचित हुनेछन् ।

तर एमालेसँग भने आफ्नै मतभार १५ हजार २८१ मात्रै छ । प्रतिनिधिसभातर्फ १४ र प्रदेशसभातर्फ २८ सिट रहेको राप्रपाले

– बाँकी पृष्ठ २ मा

## प्रचण्डविरुद्धको रिट दर्ता गर्न आदेश

**काठमाडौं/मस–** सर्वोच्च अदालतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पक्राउ माग गरिएको रिट दर्ता गर्न आदेश दिएको छ । न्यायाधीशहरु ईश्वर खतिवडा र हरि फुयाँलको इजलासले प्रचण्डलाई पक्राउ माग गरिएको रिट दर्ता गर्न आदेश दिएको हो ।

तीन वर्ष अगाडि प्रचण्डले खुलामञ्चबाट माघीको अवसरमा सशस्त्र युद्धकालमा मारिएका पाँच हजारको जिम्मा लिने सार्वजनिक भाषण गरेका थिए । त्यसविरुद्ध गत कात्तिकमा रामेछामका कल्याण बुढाथोकी र अधिवक्ता ज्ञानेन्द्र आरणले सर्वोच्चमा रिट दिएका थिए ।

तर उक्त रिट दरपीठ (दर्ता गर्न अस्वीकार) भएको थियो । त्यसविरुद्ध बुढाथोकी र आरणले



सर्वोच्चमा निवेदन दिएका थिए । उक्त निवेदन उपर सुनुवाइ गर्दै न्यायाधीशहरु खतिवडा र फुँयालले दरपीठको आदेश बदर गरिदिएका हुन् ।

बुढाथोकी र आरणको रिटमा प्रचण्डलाई पक्राउ गर्न माग गरिएको छ । सार्वजनिक रुपमै पाँच हजार मारिएकोहरुको जिम्मा लिएकाले पक्राउको माग रिटमा गरिएको छ ।

प्रचण्डले त्यसबेला आफूमाथि १७ हजार मान्छे मारिएको आरोप लागेपनि तथ्य सच्याउनुपर्ने बताएका थिए । 'धेरै साथीहरुले मलाई १७ हजार मारेर आएको भन्नु हुन्छ । म तथ्यांक मात्रै सच्याउन चाहन्छु । साथीहरु यो सत्य होइन, यो सत्य होइन...' प्रचण्डले भनेका थिए, 'सत्य के हो भने मलाई भन्न दिनुहोस्, सत्य के हो भने हिजोका सामन्ती राजाहरुले १२ हजार मान्छे मारेका हुन् । हिजोका राज्यले मारेको १२ हजारको कुरा नहुने, अनि राज्यले मारेकाको पनि मेरै टाउकोमा हाल्ने, यो न्याय हुँदैन ।'

प्रचण्डको उक्त भाषणलाई लिएर कतिपय त्यसै बेला आपत्ति जनाएका थिए । तर गत कात्तिकमा बुढाथोकी र आरणले पक्राउकै माग गरेर रिट दिएका छन् ।

वैदेशिक रोजगार विशेष

## कतारबाट फर्किएर कफी व्यवसाय

**सुमनजङ्ग थापा/रासस**
कुश्मा, १९ फागुन

मध्यपहाडी लोकमार्गअन्तर्गत पर्वतदेखि पोखरा पुग्नु अगावै लुम्ले गाउँ आउँछ । मुटु काम्ने गरी चिसो हावा चल्ने भएरै होला, यस ठाउँलाई लिएर गायक तिलक बम मल्लले 'मुटु छुने लुम्लेको हावाले' बोलको गीत नै गाएका थिए । लुम्ले गाउँ गीतमा मात्रै सीमित छैन । कृषि, कृषि पर्यटन र कृषि अध्ययन गर्न चाहनेका लागि पनि लुम्ले गाउँ परिचित छ ।

यही गाउँका २७ वर्षीय युवा नवीन देवकोटाले सडक छेउमा 'लुम्ले कफी स्टेट' नाम दिएर ग्राहकलाई आफैंले उत्पादन गरेको जैविक कफीबाट बनेका पेयपदार्थ पिलाउँदै आएका छन् । उनले चार वर्षअघि सडक छेउको आफ्नै जग्गामा सानो कन्टेनरमा क्याफे सञ्चालन गरेका हुन् । राजमार्ग हुँदै गन्तव्यतर्फ दौडिरहेका यात्रु केहीछिन आफ्नो क्याफेमा कफी पिउनलाई रोकिने गरेको देवकोटाले बताए ।

'सडक छेउमा त्यो पनि एकान्त वातावरणमा भएर पनि हुन सक्छ मुस्ताङ, पर्वत, बागलुङ हिँडेका नेपाली र विदेश पर्यटक रोकिने गर्नुभएको छ,' उनले भने, 'विदेशी ग्राहकलाई मैले आफैं उत्पादन गरेको जैविक कफी हो भनेपछि उनीहरू जिज्ञासु र उत्साहित हुन्छन्, कति त कफी खेती देखाउन लै जा भनेर बोटसम्म नै पुग्ने गर्छन् ।'

होटेल म्यानेजमेन्ट विषय पढ्दै गर्दा पैसा कमाउने हुटहुटीले पढाइ छाडेर कतारको यात्रामा लागेका देवकोटा

– बाँकी पृष्ठ २ मा

## सडकमा पोखिएको असन्तुष्टि

प्रदेश-१ को नाम कोशी राख्ने प्रदेशसभाको निर्णयप्रति असन्तुष्टहरूले सडक प्रदर्शन गरिरहेका छन् । जातीय ऐतिहासिकताको आधारमा नभएर भूगोलको नाम प्रदेश समेटिएको भन्दै उनीहरूले प्रदेशसभाको निर्णय खारेजीकै माग गरेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ फागुन ।

प्रदेश-१, प्रदेशसभाले राखेको नामप्रति जनजाति समुदाय आन्दोलित बनेका छन् । बुधबार प्रदेशसभा बैठकले प्रदेशको नाम कोशी राख्ने निर्णय गरेको थियो । नेपाली कांग्रेस र नेकपा एमालेले ल्याएको उक्त प्रस्तावको पक्षमा नेकपा माओवादी केन्द्रले समेत समर्थन जनाएको थियो ।

प्रदेशसभाको असाधरण मतबाट पारित नाम कोशी खारेज गरिनुपर्ने माग जनजाति समुदायले उठाएका छन् । शुक्रबार प्रदेश राजधानी विराटनगरमा लिम्बुवान किराँत संयुक्त संघर्ष समितिले सडक प्रदर्शन गरेको थियो । बुधबारदेखि नै उनीहरुले सडक प्रदर्शन गरिरहेका छन् । प्रदेशको नाम पहिचानको आधारमा नराखेसम्म आन्दोलन गरिरहने चेतावनी दिएका छन् ।

प्रदेशको नाम कोशी नभएर लिम्बुवान-किराँत हुनुपर्ने माग राखेका

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२० फागुन २०७९, शनिबार
4 March 2023, Saturday

# कांग्रेस सहमतिबाट पछि हट्दैन : गगन थापा

**काठमाडौं/मस–** नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेस आठ दलीय गठबन्धनमा भएको सहमति अनुसार नै अघि बढ्ने बताएका छन् । राष्ट्रपतिको निर्वाचनको सन्दर्भमा संयुक्त गठबन्धन दलहरुले आयोजना गरेको अभिमुखिकरणमा उनले गठबन्धनमा भएको सहमतिबाट कांग्रेस दायाँबायाँ नलाग्ने स्पष्ट गरे ।

'आठ दलले पाँच वर्षका लागि गरेको सहमतिबाट कांग्रेस पछि हट्दैन, गठबन्धनलाई विश्वासका साथ अघि बढाउनु आजको आवश्यकता हो,' उनले भने । कांग्रेस संविधान कार्यान्वयन र जनतामा परिवर्तनको आभाष दिन प्रतिबद्ध रहेको भन्दै उनले गठबन्धनलाई पाँच वर्ष काम नगर्ने छुट नभएको बताए ।

महामन्त्री थापाले राष्ट्रपति पदको गरिमा र मर्यादालाई उँचो बनाउनका लागि रामचन्द्र पौडेल सबैभन्दा उपयुक्त पात्र भएको बताए । पौडेल गणतन्त्र स्थापना, लोकतन्त्र र संविधानका लागि लडेको निष्ठावान व्यक्ति भएको भन्दै उनले राष्ट्रपति पदमा निर्वाचित गर्नुपर्ने बताए ।




उनले उपराष्ट्रपतिको निर्वाचनपछि मन्त्रिपरिषद् बिस्तारको काम अघि बढ्ने समेत बताए । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पदको लोभ नगरी संविधान र व्यवस्थाको रक्षाका लागि नयाँ गठबन्धनलाई समर्थन गरेको उनको भनाइ छ ।

बागमति प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले संविधानको रक्षा गर्दै मुलुकलाई समृद्धिको दिशामा अघि बढाउन आठ दलीय गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताए ।

उनले नयाँ गठबन्धनले जनतामा सकारात्मक छाप समेत परेको समेत दाबी गरे । राष्ट्रपति पदका उम्मेदवार पौडेल लोकतान्त्रिक आन्दोलनको अगुवा हुनुका साथै निष्ठावान व्यक्ति भएको तथा सबै हिसाबले योग्य नेता भएकाले उनलाई निर्वाचित गराउन सबै लाग्नुपर्ने बताए ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्र बानियाँले प्रजातन्त्र, लोकतन्त्रको रक्षाका लागि लड्नुभएका रामचन्द्र पौडेललाई राष्ट्रपति पदमा निर्वाचित गर्नु नै गठबन्धनको मर्म र भावना भएको बताए ।

नेकपा (एकीकृत समाजवादी)का उपाध्यक्ष राजेन्द्र पाण्डेले राष्ट्रपति पदका उम्मेदवार पौडेललाई अहिले दश दलको समर्थन प्राप्त भएको बताए । उनले भने, 'प्रजातान्त्रिक तथा लोकतान्त्रिक आन्दोलनमा सशक्त भूमिका खेल्नुभएका नेता पौडेललाई दश दलको समर्थन छ, उहाँलाई निर्वाचित गर्नुको विकल्प छैन ।'

# निजी क्षेत्रका समस्यालाई सरकारले गम्भीर रूपमा लिएको छ : मन्त्री श्रेष्ठ

**काठमाडौं/मस–** उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले अहिले समग्र अर्थतन्त्र र निजी क्षेत्रमा देखिएका समस्यालाई सरकारले गम्भीररूपमा लिएको बताएका छन् ।




शुक्रबार काठमाडौंमा आयोजित खिचापोखरी न्यूरोड व्यापार संघको १५औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनलाई सम्बोधन गर्दै उनले सरकार निजी क्षेत्रका समस्या समाधान हल गर्न प्रयत्नशील रहेको जानकारी दिए ।

निजी क्षेत्रको सहकार्यमा मात्र आर्थिक समृद्धि सम्भव रहेको पनि उनको भनाइ छ । 'अहिलेको राष्ट्रिय साझा कार्यभार देशलाई समृद्ध बनाउनु हो । यो कार्यभार कुनै एक पक्षले मात्र पूरा गर्न सक्दैन भन्ने स्पष्ट छ । निजी क्षेत्र समस्यामा रहेको बारे सरकार जानकार छ,' उनले भने ।

आर्थिक क्षेत्रलाई गतिशील बनाउनु राज्यको दायित्व रहेको पनि उनले बताए । निजी क्षेत्रका समस्या समाधानका लागि सरकारले पहल गरिरहेको पनि उनको भनाइ छ । 'आफ्नो दायित्व पूरा गर्नका लागि सरकार र निजी क्षेत्रका आ-आफ्ना भूमिका छन् । निजी क्षेत्रमा देखिएका समस्यालाई सरकारले गम्भीररूपले लिएको छ । समाधानका लागि छलफल पनि भइरहेको छ,' मन्त्री श्रेष्ठले भने ।

सोही कार्यक्रममा खिचापोखरी न्यूरोड व्यापार संघका अध्यक्ष गणेशकुमार न्यौपानेले कोभिड-१९ महामारीपछि निजी क्षेत्रले निरन्तर संकट भोगिरहेको बताए । सरकारले कोभिड महामारीपछिको पुनरुत्थानमा ध्यान पुऱ्याउन नसकेको उनको भनाइ छ । 'कोभिडपछिको आर्थिक पुनरुत्थानमा सरकार केन्द्रित हुन सकेन । उत्पादन उद्योग स्थापनामा ध्यान पुग्न नसक्दा अर्थतन्त्रमा समस्या देखियो,' उनले भने । सरकारले कर प्रशासनलाई चुस्त बनाई न्यून बिजकीकरणको समस्या हल गर्नतर्फ ध्यान दिनुपर्ने पनि अध्यक्ष न्यौपानेको भनाइ छ ।

# मस्तिष्क मृत्यु भएका व्यक्तिबाट मिर्गौला र कलेजोको सफल प्रत्यारोपण

**काठमाडौं/मस–**सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मस्तिष्क मृत्यु भएका व्यक्तिबाट दुई जनामा मिर्गौला र एक जनामा कलेजोको सफल प्रत्यारोपण गरिएको छ ।

शुक्रबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्रकार सम्मेलनमार्फत केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले एक व्यक्तिबाट प्राप्त अङ्गलाई तीन जनामा सफल प्रत्यारोपण भएको जानकारी दिएका हुन् ।

उनले भने, 'गत मंगलबार सवारी दुर्घटनाबाट परी मस्तिष्क मृत्यु भएकी १७ वर्षीय युवतीबाट केन्द्र र भारतीय चिकित्सकको टोलीले तीन जनामा मृगौला र कलेजोको सफल प्रत्यारोपण गर्न सफल भएको छ ।'

दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकी ती युवतीबाट रुपन्देही मायादेवी गाउँपालिका-४ पविका ४७ वर्षीय पुरुष र सिरहा जिल्ला सिरहा नगरपालिका-१ का ३५ वर्षीय पुरुषमा मिर्गौला प्रत्यारोपण गरिएको थियो । साथै ललितपुर महानगरपालिका-२५ का ६८ वर्षीय पुरुषलाई कलेजो प्रत्यारोपण गरिएको थियो ।




केन्द्रले २०७४ वैशाख २८ गतेदेखि पहिलो पटक मस्तिष्क मृत व्यक्तिको अङ्गबाट प्रत्यारोपण सुरु गरेको थियो । हालसम्म केन्द्रमा पाँच जना व्यक्तिबाट अङ्ग प्राप्त गरी १३ जनामा प्रत्यारोपण भएको डा श्रेष्ठले जानकारी दिए ।

डा श्रेष्ठका अनुसार हरेक वर्ष एक हजार जनाको मस्तिष्क मृत्यु हुने गर्छ तर अत्यन्त न्यून सङ्ख्यामा अङ्ग दान हुने गरेको छ । मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐनको पहिलो संशोधन २०७२ अनुसार अस्पतालले समन्वय इकाइमार्फत केन्द्रलाई जानकारी दिनुपर्ने प्रावधान भए पनि अस्पतालले जानकारी दिन हिचकिचाहट गर्ने गरेको डा श्रेष्ठले बताए ।

'विश्वमा ८० प्रतिशत प्रत्यारोपण दुर्घटनामा परी मस्तिष्क मृत्यु भएकाबाट प्राप्त हुने गर्छ । तर नेपालमा अस्पतालले केन्द्रलाई जानकारी दिन हिचकिचाउने र सर्वसाधरणमा यससम्बन्धी चेतनाको अभावका कारण दान गर्नेको संख्या न्यून रहेको छ,' उनले भने ।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले जनचेतनाको अभावका कारण अङ्ग प्रत्यारोपणका लागि अङ्ग दान गर्नेको संख्या बढ्न नसकेको बताए । उनले भने, 'मस्तिष्क मृत्युपश्चात् अङ्गदान गर्नसके अन्य रोग लागेका धेरै बिरामीको ज्यान बचाउन सकिन्छ । तर जनचेतना अभावका कारण अङ्गदान गर्नेको संख्या बढ्न नसक्नु दुखद कुरा हो ।'

कलेजो प्रत्यारोपणमा डा रोशन घिमिरे, डा ललितकुमार दास र भारतीय प्रत्यारोपण विशेषज्ञ चिकित्सकको सहभागिता थियो । मिर्गौला प्रत्यारोपण कार्यमा प्रा डा राकेशकुमार वर्मा, प्रा डा पवन चालिसे, डा दिपेश श्रेष्ठ, डा रविकिरण गौतम, डा हरि बराल र डा रोजन अधिकारीलगायत सर्जरीमा कार्यरत चिकित्सकको सहभागिता थियो । एनेस्थेसिया तथा क्रिटिकल केयरमा डा आरती राई, डा निभा श्रेष्ठ, डा शोभित थापा र डा रश्मित श्रेष्ठको सहभागिता थियो ।

# हिमालमा जलवायुको असरबारे स्याङ्बोचेमा अन्तरक्रिया

काठमाडौं/मस- जलवायु परिवर्तनले हिमाली जनजीवनमा पारेको असरबारे विश्वको ध्यानाकर्षण गराउन अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको सोलुखुम्बुको स्याङ्बोचेमा विशेष अन्तरक्रिया गरिने भएको छ ।

संस्थाले यही फागुन २४ गते आयोजना गर्न लागेको कार्यक्रममा नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) राजदूतावासको विशेष सहयोग तथा नेपालको वन तथा वातावरण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, युएनडिपी, इसिमोड, एनटिएनसी, बेकर्सडेन, सम्बन्धित स्थानीय तहलगायत संघसंस्था र निकायको सहयोग एवं सहकार्य रहने बताइएको छ ।

जलवायु परिवर्तन र वातावरणका क्षेत्रका कार्यरत साथसाथै गत वर्ष मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवसकै अवसरमा सगरमाथाको कालापत्थरमा एक कार्यक्रम गरी 'कालापत्थर घोषणापत्र' जारी गरेको थियो । 'कालापत्थर घोषणापत्र' पछि सो क्षेत्र आसपास बर्सेसि कार्यक्रम गर्ने योजनाअनुसार यो कार्यक्रम गर्न लागिएको संस्थाका अध्यक्ष प्रजिता कार्कीले जानकारी दिइन् । कार्यक्रममा उपसभामुख इन्दिरा राना मगर, सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल, राष्ट्रियसभा सदस्य एवं पूर्वमन्त्री डा विमला राई पौड्याल, युएई राजदूतावासका प्रतिनिधि, विज्ञलगायतको सहभागिता रहने उनले बताइन् ।

'कार्यक्रममार्फत हामी जलवायु परिवर्तनसम्बन्धी आगामी वर्ष युएईको दुबईमा हुने अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) मा नेपालले पर्वतीय मुद्दामा नेतृत्वका साथ यस क्षेत्रका समस्या उजागर गरोस् भनी सम्बन्धित निकायलाई दबाब दिन चाहन्छौं,' उनले भनिन् । फागुन २४ गते जलवायुका क्षेत्रमा कार्यरत सरकारी र गैरसरकारी विज्ञको समुपस्थितिमा सगरमाथाको स्याङ्बोचेमा जलवायु न्यायका लागि विशेष अन्तरक्रिया गरिने, फागुन २५ गते सगरमाथाकै नाम्चेमा जलवायुले महिलाको जनजीवनमा पारेको असरका विषयमा अर्को सेमिनार आयोजना गरिने अध्यक्ष कार्कीले बताइन् ।

हिमाली जनजीवन विशेष गरी महिलालाई जलवायु परिवर्तनका चुनौती सामना गर्न सक्षम बनाउन अन्तर्राष्ट्रिय समुदायबाट सहयोग खोज्न पहल गर्ने, हिमालय र तल्लो तटीय क्षेत्रमा जलवायु परिवर्तनका चुनौतीमा विश्वव्यापी ध्यान आकर्षित गराउने, विश्व तापमान वृद्धिले हिमाल पग्लने क्रम बढेको चिन्ताबारे ध्यानाकर्षण गराउने कार्यक्रमको उद्देश्य छ ।

## राष्ट्रपति...

कुनै निर्णय गरिसकेको छैन । नयाँ शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अनिर्णित नै छ । नेपाल मजदुर किसान पार्टी र अरु स्वतन्त्र सांसदहरुले पनि एमालेलाई मत दिने वा नदिने कुनै प्रष्ट छैन । तर सत्तारुढ गठबन्धनले आफ्ना सांसदहरुलाई अभिमुखिकरण गर्नुपर्ने आवश्यकता देखेका छन् ।

त्यसको कारण राष्ट्रपतिको गोप्य मतदान हुने र गठबन्धनकै मत एमाले एमालेतिर जाने डर देख्नु हो । बानेश्वरमा आयोजित कार्यक्रममा एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले एमालेका उम्मेद्वारले जनजातिको नाममा भ्रम छर्न खोजेको बताएका थिए । उनको भनाइ थियो, 'अहिले एमालेले जनजातिको नाममा मत मागिरहेको छ, तर कोही पनि भ्रममा पर्न जरुरी छैन ।' अर्का कांग्रेस नेता इन्द्र बानियाँले पनि राष्ट्रपतिको चुनावमा जातीय मत माग्न खोज्नु दुखद् भएको बताए ।

आफ्ना सांसदहरुलाई अभिमूखिकरण दिनुको अलवा स्वयम् पौडेलले नेताहरुलाई भेटेरै राष्ट्रपतिमा मत मागिरहेका छन् । पौडेलले केन्द्रीय कार्यालयमा रहेका रेसम चौधरीदेखि ठूला साना सबै दलसँग मत मागिरहेका छन् । व्यक्तिगत पत्र लेखेर पनि पौडेलले मत मागेका छन् ।

अर्कातिर एमाले पनि गठबन्धनकै मत तानेर जित्ने रणनीतिमा लागेको देखिन्छ । एमाले नेताहरुले एकीकृत समाजवादी, रास्वपा, राप्रपादेखि रेसम चौधरीसँग पनि मत मागेका छन् । एकीकृत समाजवादीसँग एमालेले आगामी २५ फागुनमा नेम्वाङले राष्ट्रपति जितेमा पार्टी एकताको आधार तयार हुने पनि बताएको छ । एमालेले पनि दलगत रुपमा मात्रै नभएर व्यक्तिगत रुपमा पत्र लेखेर समेत मत मागेको छ ।

## सडकमा...

उनीहरुले देशब्यापी आन्दोलनकै चेतावनी दिएका छन् । राई र लिम्बु समुदायको संगठनहरुले प्रदेशका अन्य जिल्लाहरुमा पनि सडक प्रदर्शन गरिरहेका छन् ।

बिहीबार प्रदेश सरकारले प्रदेशको नाम राखिएको खुशीयालीमा सार्वजनिक विदा दिएको थियो । तर यो खुशीयाली विदालाई उनीहरुले शोक विदाको संज्ञा दिएका थिए । प्रदेशसभामा भने कांग्रेस, एमाले र माओवादी केन्द्र समेत एकताबद्ध उभिदा ९३ सांसद मध्ये कोशी प्रदेश नामको पक्षमा ८२ मत परेको थियो । विपक्षमा चार जनाले मत दिएका थिए भने ६ जना अनुपस्थित भएका थिए ।

कोशी नाम राख्ने प्रस्ताव ल्याउने दलहरु एमाले र कांग्रेसकै मत नामाकरणका निम्ति पर्याप्त थियो । प्रदेशसभामा एमालेसँग ४० र कांग्रेसका २९ मत छ । यो भनेको दुई तिहाइ भन्दा धेरै हो । हुनत अघिल्लो कार्यकालमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एक्लैसँग दुई तिहाइ थियो ।

एमालेसँग ५१ र माओवादी केन्द्रसँग १६ सिट थियो । ३ जेठ २०७५ मा यी दुई दल एकता हुँदा ६७ सिट नेकपासँग थियो । तर त्यसबेला जातीय पहिचान सहित नाम राख्ने कि कोशी मात्रै राख्ने भन्नेमा मतभेद भयो । त्यही मतभेदका कारण नामै नराखी प्रदेशसभाको कार्यकाल सकिएको थियो । जबकी बाँकी ६ प्रदेशले भने पहिलो कार्यकालमै नाम राखेको थियो ।

प्रदेश २ ले मधेश, ३ ले बागमती, ४ ले गण्डकी, ५ ले लुम्बिनी, ६ ले कर्णाली र ७ ले सुदूरपश्चिम प्रदेश नाम राखेको थियो । यी मध्ये मधेशले मात्रै भूगोल नभएर सांस्कृतिक ऐतिहासिकताको आधारमा नाम राख्यो । बाँकीले भने भौगोलिक नामलाई नै प्रदेशको नाम बनाएको थियो । तर प्रदेश-१ मा किराँत शब्द जोड्नुपर्ने पक्षमै नेकपाका सांसदहरुले अडान लिए । त्यही कारणले नामाकरण हुन सकेको थिएन ।

यसपटक भने एमाले र कांग्रेसको प्रस्तावलाई माओवादीले समर्थन गरेपछि कोशी नामाकरण भएको छ । यसप्रति विशेषगरी राई र लिम्बु समुदायका संघसंस्थाले चर्को असन्तुष्टि सहित आन्दोलन थालेका छन् ।

## कतारबाट....

दुई वर्षको बीचमै स्वदेश फर्किए । आफ्नै बाँझो जग्गा जमिनमा सहजै फलाउन सकिने कफी कतारका ठूला क्याफेमा महँगो मूल्य खर्चेर पिउने पारखीको भीड देखेपछि देवकोटालाई स्वदेश फर्कन प्रेरित गरेको थियो ।

'म पोखराको बरिस्टामा कफी बनाउने तालिम लिएर कतार गएको थिएँ, अन्तर्राष्ट्रियस्तरमै कफी कल्चरलाई नजिकबाट नियाल्ने र काम गर्ने अवसर पाएँ,' उनले भने, 'कतार जानुअघि नै लुम्लेमा कफी उत्पादन गर्न सकिन्छ भन्ने थाहा भएको कुराले हरेक दिन दिमागमा हान्न थाल्यो, भिसा बाँकी रहँदै देश फर्केर आफ्नो र भाडामा लिएको १५ रोपनी जमिनमा कफी खेतीको सुरुवात गरेँ ।'

सामान्य परिवारमा हुर्केका देवकोटाका बुबा अहिले पनि विदेशी मुलुकमा श्रम गर्दै आउनुभएको छ । छिट्टै बुबालाई पनि स्वदेश फर्काउने उनको चाहना छ । आमाले छोराको कफी यात्रालाई पूर्ण रूपमा सघाउँदै आएका छन् । 'नर्सरीमा उत्पादन भएका बिरुवादेखि प्रशोधनसम्मको काममा आमाले सघाउनुहुन्छ,' देवकोटाले भने, 'मैले क्याफे सञ्चालनदेखि कफीको बोट र धुलो पनि प्याकेजिङ गरेर बेच्ने भएकाले त्यसको बजारीकरण र ब्राण्डिङमा काम गर्छु ।'

देवकोटालाई आफूले उत्पादन गरेको कफी बजारमा राम्रो मूल्यमा बिकोस् भन्ने चाहना थियो । उनले धेरै ठाउँमा कफी बेचे । उनले दुःखअनुसारको मूल्य कहीँबाट नपाएपछि आफ्नो जग्गामा उत्पादित कफी प्रशोधन गर्ने र क्याफेसमेत सञ्चालन गर्ने निर्णय गरे । पहिले गुड्ने क्याफे सञ्चालन गर्ने सोच बनाउनुभएका उनले भनेजस्तो सस्तो मूल्यको सवारीसाधन फेला नपरेपछि सजिलै उचालेर सार्न सकिने कन्टेनरमा क्याफे स्थापना गरेका हुन् ।

'नेपालमा कफी संस्कृति बढिरहेको अवस्थामा स्थानीय कफीले सही मूल्य नपाउँदा कृषकले कफी खेतीमा चासो नदिएको देखिन्छ,' उनले भने, 'नजिकै गाउँहरूमा कृषकले लगाएको कफीसमेत खरिद गर्दै आएको छु, उहाँहरू मैले दिने मूल्यमा खुसी हुनुहुन्छ, कृषकलाई बचाउन सकेमा मात्रै सहरका क्याफेमा गाउँको जैविक कफी पिउन पाइन्छ भन्ने हो ।'

देवकोटाको क्याफेमा स्थानीय कफीबाट बन्ने पेयपदार्थको स्वाद लिने मुख्य ग्राहक भनेका राजमार्गमा गुड्ने यात्रु नै हुन् । विदेश त्यागेर आएका देवकोटालाई गाउँमा बसेर कफी बेच्नुभन्दा पोखरामा गएर राम्रै क्याफे सञ्चालन गर्न सल्लाह दिने प्रशस्तै भेटिन्छन् । उनलाई अहिलेसम्म गाउँ छाडेर कतै जाने रहर आएको छैन ।

आफ्नै घरमा बसेर कफीका बिरुवा हुर्काउन पाउँदाको आनन्द आफूले अन्त कतै नपाउने देवकोटा बताउँछन् । 'हाम्रो कफी बजारभन्दा फरक भएरै होला दिनप्रति दिन ग्राहकको सङ्ख्या बढ्ने गरेको छ,' उनले भने, 'कफी पारखीहरूले कफीको कपमा स्वाद मात्र भेट्दैनन् त्यहाँ खुसी र माया पनि भेट्ने गर्छन् ।'

# दुई रेलमार्गबीच तादात्म्यता मिलाउने योजना

**काठमाडौं/मस–** सरकारले निर्माण सुरु गरेको पूर्व-पश्चिम रेलमार्ग र भारतीय सरकारको सहयोगमा अध्ययन भइरहेको रेलमार्गका बीचमा तादम्यता मिलाउने (सिङ्क्रोनाइज) गर्न तयारी अघि बढाइएको छ ।

रक्सौल-काठमाडौं रेलमार्ग पनि निजगढ खण्डमा मिल्ने हुँदा निर्माण सुरु हुनु अघि नै दुई लाइनबीच तादात्म्यता मिलाउन आवश्यक रहेको रेल विभागका प्रवक्ता (सिनियर डिभिजनल इञ्जिनियर) अमन चित्रकारले बताए । भारतीय पक्षले रक्सौल-काठमाडौंको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अध्ययन गरिरहेको छ ।

भारतीय पक्षलाई लिखितरूपमै निजगढ खण्डको केही सूचना दिनका लागि भनिएको समेत उनको भनाइ छ । उनले भने, 'एउटा रेलबाट अर्को रेलमा यात्रु कसरी परिवर्तन गर्ने, कसरी चढाउने र झार्ने, कसरी सामान एउटाबाट अर्कोमा हाल्ने र कसरी मालसामान ढुवानी गर्ने भनी मिलाउनुपर्ने हुन्छ ।'

भारतीय कम्पनी कोंकण रेल्वे कम्पनी लिमिटेडले अध्ययनको काम गरिरहेकाले पहिले लिखितरूपमै पठाइएको प्रवक्ता चित्रकारले बताए । त्यहाँबाट जवाफ नआएपछि अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट परराष्ट्र मन्त्रालय हुँदै भारतीय पक्षलाई अनुरोध गरिएको छ ।

पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत अहिले निजगढ-भरतपुर खण्डको डिपिआर अध्ययन भइरहेको छ । पहिले सबै खण्डको अध्ययन भइसकेको भए पनि यो खण्डमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने भएकाले पुनः अध्ययन भइरहेको प्रवक्ता चित्रकारको भनाइ छ । पहिलेको रेखाङ्कन चितवन राष्ट्रिय निकुञ्जभित्रबाट रहेकाले अहिले त्यहाँबाट नलगेर निजगढबाट हेटौंडा हुँदै भरतपुर लैजाने गरी डिपिआर भइरहेको उनले बताए ।

सरकारसँग भारतीय पक्षले गरेको सम्झौता (एमओयु) अनुसार सो अध्ययन प्रतिवेदन सुरु भएको १८ महिनामा दिनुपर्ने उल्लेख छ । प्रारम्भिक अध्ययनका आधारमा काठमाडौँ-रक्सौल रेलमार्गको लम्बाइ एक सय २६ किमी अनुमान गरिएको थियो । निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल वरपरबाट घुमाएर गर्दा लम्बाइ केही बढ्नसक्ने देखिएको छ ।

रक्सौल-काठमाडौं रेलमार्ग ब्रोड गेजमा अध्ययन भइरहेको छ भने पूर्व-पश्चिम रेलमार्ग अहिले पछिल्लो चरणमा स्ट्याण्डर्ड गेजमा अध्ययन भइरहेको छ । भारत सरकारले निर्माण गरिरहेको अरु रेलमार्ग पनि ब्रोड गेजका छन् । चीन सरकारले सुरु गरेको काठमाडौँ-केरुङ रेलमार्ग भने स्ट्याण्डर्ड गेजमै छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
सडक डिभिजन चरिकोट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०७९/११/२०

यस कार्यालयको मिति २०७९/०७/२८ को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०५-०७९/८० अनुसार तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्र दाताको जानकारीको लगी जारी गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | स्वीकृतका लागी छनोट भएका बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1. | RDCHT/33701169- 4/079/80-27 | Maya Nirman Sewa | 3,734,226.69 |
| 2. | RDCHT/33701169- 4/079/80-28 | Basnet-Masta JV | 3,397,282.72 |

डिभिजन प्रमुख

# सरकारले आयुर्वेदलाई प्राथमिकताका साथ अघि बढाउँछ : प्रधानमन्त्री दाहाल

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल आयुर्वेदका लागि सही र उचित गन्तव्यस्थल भएको बताएका छन् । शुक्रबारबाट काठमाडौंमा शुरु भएको सातौं अन्तर्राष्ट्रिय आयुर्वेद महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले नेपाल आयुर्वेदका लागि उचित गन्तव्यस्थल भएको र सरकार आयुर्वेदलाई प्राथमिकताका साथ अघि बढाउन प्रतिवद्ध रहेको बताएका हुन् ।



उनले नेपालमा यार्सागुम्बा, अमला, रुद्राक्ष, तुलसी लगायतका अति महत्वपूर्ण वनस्पतिहरु पाइने उल्लेख गर्दै भारतले समेत आयुर्वेदका औषधि पाइने मुख्य थलोको रुपमा नेपाललाई राखेको बताए । उनले नेपालमा रहेका वनस्पतिहरुको अध्ययन र अनुसन्धान अझै हुन जरुरी रहेको पनि उल्लेख गरे ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण नेपाल जस्तो प्राकृतिक रुपमै आयुर्वेदका लागि उपयुक्त गन्तव्यस्थलमा विभिन्न खाले समस्याहरु देखा परेको भन्दै त्यसलाई न्युनिकरण गर्ने बाटोमा जान आवश्यक रहेको उनको भनाइ छ । प्रधानमन्त्री दाहालले आयुर्वेद महासभाले जलवायु परिवर्तनलाई पनि मध्यनजर गरेर छलफल र त्यसलाई न्यूनीकरण गर्ने कुरामा लाग्ने विश्वास व्यक्त गरे ।

प्रधानमन्त्री दाहालले तीन सय वर्ष पुरानो इतिहास बोकेको सिंहदरबार वैद्यखानालाई राष्ट्रिय गौरवको योजनाका रूपमा अगाडि बढाउने घोषणा गरे । उनले नेपाल आयुर्वेद तथा प्राकृतिक चिकित्साका अलावा औषधिजन्य जडीबुटी उपलब्धताका हिसाबले महत्वपूर्ण स्थानमा रहेको उल्लेख गर्दै मुलुकको गौरवका रूपमा स्थापित वैद्यखानालाई थप गति दिने विश्वास दिलाएका हुन् ।

प्रधानमन्त्री दाहालले नेपालको आयुर्वेद चिकित्सालाई थप विस्तार गरिने जानकारी दिए । उनले अतिआवश्यक जडीबुटीको निकासी पैठारीलाई व्यवस्थित गर्न नीतिगत निर्णय गरिने स्पष्ट पारे ।

उनले भने, 'सरकारका तर्फबाट राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्रलाई पूर्णरूपमा क्रियाशील बनाई नेपालका रैथाने जडीबुटीको अध्ययन-अनुसन्धानलाई द्रुतगतिमा अगाडि बढाउन आवश्यक नीतिगत निर्णय गरिनेछ ।'

प्रधानमन्त्री दाहालले सातवटै प्रदेशमा आयुर्वेद औषधि उत्पादन केन्द्र, जडीबुटी संकलन एवं प्रशोधन केन्द्रको स्थापनाको नीति अगाडि सारिएको जानकारी दिए । उनले गुणस्तरीय आयुर्वेद औषधि उत्पादनतर्फ उन्मुख आयुर्वेद औषधि कम्पनीको प्रवर्द्धन गर्ने सरकारको योजना रहेको बताए ।

प्रधानमन्त्री दाहालले आयुर्वेद औषधिको उत्पादनका लागि अतिआवश्यक जडीबुटीको निकासी पैठारीमा रहेको व्यवधानहरू हटाउन नीतिगत निर्णय गरिने उल्लेख गरे ।

विश्व समुदायलाई स्वस्थ राख्न नेपालले बहुमूल्य जडीबुटी निर्यात गर्न सक्ने गरी वातावरण तय गरिने बताए । प्रधानमन्त्री दाहालले सरकारको तर्फबाट जडीबुटी खेतीका लागि अनुदानका लागि आवश्यक प्रबन्ध गरिने विश्वास दिलाए ।

स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गर्न आयुर्वेद, पञ्चकर्म, योग, ध्यान कार्यक्रम सञ्चालन गर्न अस्पताल, उपचार केन्द्र, वेलनेस सेन्टर स्थापना गर्ने प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्रीले त्यसका लागि नीतिगत निर्णय भइसकेको जानकारी दिए । सातवटै प्रदेशमा एक सय शय्याको आयुर्वेद अस्पताल सातै प्रदेशमा सञ्चालनमा ल्याउने उनको भनाइ छ ।

सम्मेलनको मूल नारा 'सम्पूर्ण स्वास्थ्यका लागि आयुर्वेद' रहेको छ । आयुर्वेदको उद्गमस्थलका रूपमा रहेको नेपालमा आयोजित यस सम्मेलनमा ५० भन्दा बढी देशका आयुर्वेदविज्ञ, अनुसन्धानकर्ता, उद्योगी, चिकित्सकलगायत पाँच सय बढीको सहभागिता छ ।

आयुर्वेदको प्रचार-प्रसारमा सहयोग पुऱ्याउने र स्वास्थ्य पर्यटनमा टेवा पुऱ्याउने लक्ष्यका साथ सुरु भएको सम्मेलनमा चिकित्सकका अलावा विद्यार्थी, प्राध्यापक, उत्पादक, व्यवसायीलगायतको सहभागिता छ । सम्मेलन आगामी आइतबारसम्म चल्नेछ ।

## आमसञ्चारसँग सम्बन्धित कानूनबारे ध्यानकर्षण गराउन आग्रह




**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले आमसञ्चारमाध्यमसँग सम्बन्धित विधेयकबारे सांसदहरूको ध्यानाकर्षण गराउन प्रेस काउन्सिल नेपाललाई सुझाव दिएका छन् ।

प्रेस काउन्सिल नेपालद्वारा अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा आयोजित 'आमसञ्चार माध्यममा महिलाको सवाल' विषयक कार्यक्रममा बोल्दै उनले भने, 'आमसञ्चार माध्यमसम्बन्धी विधेयक छिटो ल्याउन र प्रेस काउन्सिल ऐन संशोधन समयमै गर्नका लागि म व्यक्तिगत र संस्थागतरूपमा सुझाव लिन तयार छु ।'

उनले थपे, 'विधेयकबारे छलफल गर्ने र पास गराउने भूमिका सांसदहरूले हो । सांसदसँगै दलका नेता र सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण हुने गरी छलफल तथा अन्तर्क्रिया बढाउन आवश्यक छ ।'

उनले पत्रकारितालाई देशको चौथो अङ्ग भन्ने गरे पनि पत्रकारको मूल्यांकन हुन नसक्नु चिन्ताको विषय भएको बताए । उनले विशेषगरी महिला पत्रकारको सुरक्षाका विषयमा राज्य सचेत रहेको समेत स्पष्ट पारे ।

अन्तरक्रियामा काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारसम्बन्धी ऐन र प्रेस काउन्सिल ऐन, २०४८ को संशोधन तत्काल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए ।

उनले भने, 'सञ्चारमाध्यमको पुरानो परिभाषाले सञ्चारमाध्यमको नयाँ आयामलाई समेट्न सकेको छैन । काउन्सिलको ऐन र सञ्चारमाध्यमको ऐनलाई तत्काल संशोधन आवश्यक छ ।' उनले सञ्चारमाध्यमलाई महिलामैत्री बनाउन आचारसंहिताको कार्यान्वयन आवश्यक भएको बताए ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्काले समितिले सीमित क्षेत्राधिकारका कारण अपेक्षाअनुसार काम गर्न नसकेको गुनासो गरिन् ।

'न्यूनतम पारिश्रमिक निर्धारण समितिसँग पत्रकारका अपेक्षा धेरै छन् । तर समितिलाई अनुगमन र सिफारिस गर्नेबाहेक धेरै अधिकार छैन,' उनले भनिन् ।

## जनता माध्यमिक विद्यालय डुमरियाको अध्यक्षमा कुशवाहा निर्वाचित



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, १९ फागुन

ईशनाथ नगरपालिका वडा नम्बर ९ डुमरियास्थित जनता माध्यमिक विद्यालयमा बिहीबार भएको अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा बुनिलाल कुशवाहालाई सर्वसम्मतरुपले चयन गरेको छ । सो व्यवस्थापन समितिको सदस्यमा मुक्ति देवी, मो अताउल्लाह, माधुरी देवी, लक्ष्मण साह, भिक्षु महतो, वडा अध्यक्ष रामबाबु यादव र सदस्य सचिवमा प्रधानाध्यापक दिपक कुमार मेहता रहेका छन् ।

नगर प्रमुख कौशल्या देवी सिन्हाको अध्यक्षतामा भएको भेलामा नगर उपप्रमुख मो. परवेज आलम, सो वडाका अध्यक्ष रामबाबु यादवसहित अभिभावक, बुद्धिजीवी, शिक्षकलगायत उपस्थित थिए । सर्वसम्मतिले विद्यालय व्यवस्थापन समिति गठन भएको वडा अध्यक्ष यादवले जानकारी दिए । सर्वसम्मतिले व्यवस्थापन समिति निर्वाचित भएकोमा नगर प्रमुख सिन्हाले सम्पूर्ण अभिभावकलाई धन्यवाद तथा नवनिर्वाचित विद्यालय व्यवस्थापनका पदाधिकारीलाई बधाई दिँदै कार्यकाल सफलताको कामना गरिन् ।


अनुसुची-१५
(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सुचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९/११/१९**

श्री ओखलढुङ्गा सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-७, सुर्खेतको सामुदायिक वन बाट २०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको ए ग्रेड साल जातको गोलीया काठ ३३ थान को ६०९.७१ क्यूफिट काठ, बी ग्रेड साल जातको गोलिया काठ थान ४८ को.५८२.७१ क्यूफिट, सि ग्रेड साल जातको गोलिया काठ थान १० को ६८.४५ क्यूफिट गरी साल जातको कुल ९१ थानको १२६०.८७ क्यूफिट र साल जातको दाउरा चट्टा १.८९ चट्टा काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सुचना यस श्री ओलढुङ्गा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय पञ्चपुरी न.पा.-७, सुर्खेत डिभिजन वन कार्यालय भेरी बावियाचौर, सुर्खेतको सुचना पार्टीमा टाँस गरिएको छ ।

**श्री ओखलढुङ्गा सामुदायिक वन उपभोक्ता समुह**
**पञ्चपुरी न.पा.-७, सुर्खेत**



**MAURITIUS मा वैदेशिक रोजगार** | **कम्पनी : Aremo Ltd**
**शहर : Mauritius**

पूर्व स्वीकृत मिति : २०७९/११/१८ | चलानी नं.:६०१९७५१२ | L.T. No.: 281937

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Goldsmith | 22 | 0 | सम्बन्धित काममा दक्ष | 16000 | ४५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Casting,Embedding | 2 | 0 | | 16000 | ४५,२८० | | | | | | | |
| 3. | Electroplating | 1 | 0 | | 16000 | ४५,२८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २७ र २८ गते (11 March to 12 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०



**बान्नीगढी जयगढ गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जयगढ, अछाम**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/११/२०**

यस कार्यालयबाट तपसिल बमोजिमका बोलपत्र आह्वान भई प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र नम्वर | कामको विवरण | छनौट भएको बोलपत्रको नाम र ठेगाना | कवौल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | BJRM/NCB/WORK/ 2079-080/01 | Chattashain Khalgada Jayagadh Birhat Khanepani | M/S New Khalbhairab Builders | 4540912.52 |
| 2 | BJRM/NCB/WORK/ 2079-080/02 | Timilshain Health post construction Ward No.4 | M/S Shree bhairi Construction | 1423273.53 |
| 3 | BJRM/NCB/GOOD/ 2079-080/01 | Procurement of Supply and Delivery of Backhoe Loader | M/S Spark Automotives Pvt. Ltd. | 4,282,700.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**North/South Trade Route Improvement Project Directorate**
**Tamor Corridor (Chatara-Mulghat-Subhangkhola) Road Project**
**Dharan, Sunsari**

**Invitation for Bids No: 04-079-80**

**Date of first publication: 2079/11/20 (2023-03-04)**

1. Tamor Corridor (Chatara-Mulghat-Subhangkhola) Road Project Dharan, Sunsari invites electronic bids from eligible bidders for following works:

| S. N. | Contract Number | Description and location of work | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years (Amount NRs in Million) | Minimum Work experience of similar size and nature in last 10 years (Amount NRs in Thousand) | Bid Security Amount (NRs) | Bid Security Validity Period | Bid document Fee NRs. |
|---|---|---|---|---|---|---|---|
| 1 | TC(CMS)RP /337010184/ 079/80-06 | Construction Road Track Open, Cross Drainage, Retaining Structure and Gravel works of Arun Corridor Road 27+000 to 52+000 | 292.16 | 350,600.00 | 16,068,000.00 | 150 days | 20,000.00 |

2. Deadline for Bid Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue a/c No. | 1000100200010000 | Office code | 337011407 |
|---|---|---|---|---|---|---|---|
| | | | | Revenue Heading No. | 14229 | Bank | Rastriya Banijay Bank, Sunsari |
| Date | Time | Date | Time | Name of Office | Financial Comptroller General Office | | |
| 2079/12/21 | 12:00 | 2079/12/21 | 13:00 | Deposit A/c No. | 2220100102030000 | Office code | 337011407 |
| | | | | Name of Office | District Treasury Controller Office, Sunsari | | |
| | | | | Bank | Rastriya Banijay Bank, Sunsari | | |

3. Eligible Bidders may obtain further information at Tamor Corridor (Chatara-Mulghat-Subhangkhola) Road Project, Dharan, **email: tamorcorridor@gmail.com** or may visit PPMO's **website http://bolpatra.gov.np/egp.**

4. Any matters not covered in bidding documents shall be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 with amendments.

**Project Incharge**

## कथा

# अतृप्त चाहना

"होइन, भालेहरु त बाहिर चरिरहेका छन, समात्नु पर्दैन ?" दरोगबाले खुलस्त पार्न अनुरोध गऱ्यो । दरोगबा कोठाभित्र पस्यो । लछमिनियाले फाटक लगाई । दरोगबाले आश्चर्य मान्दै पुनः सोध्यो, "मुर्गाहरु त बाहिर नै छन् जस्तो छ, समात्न बाहिर जानु पर्दैन ?" "खुला छाडे पछि समात्न गाह्रो हुन्छ" भन्दै लछमिनियाले फाटकको बिलैया लगाई ।



■ विश्वराज अधिकारी



"मुर्गमुर्गी छैन, लछमिनिया ?" दरोगबाले सोध्यो ।

लछमिनियाले तलदेखि माथिसम्म दरोगाबालालाई हेरी । भरिएको गाला । चौडा छाती । औसत उचाइ । सेतो वर्ण । ठूला-ठूला आँखा । मधुरो तर, प्रष्ट बोली । अनुहारले सोझो देखिएता पनि आँखामा आत्मविश्वासको चमक । लुँगी र सेन्डो गन्जीमा अर्ध पारदर्शी शरीर ।

प्रश्नको उत्तर दिन बिर्सेकी लछमिनियाको दृष्टि धेरै बेर दरोगबामा गाडिएकोमा झसङ्ग हुँदै आँगनमा चर्दै गरेको भालेहरु तिर हेर्न खोजेको भान पार्न खोजी अनि भनी "छ, ऊ चर्दै गरेका ती भालेहरु हुन" ।

"ऊ त्यो चाँहि भाले ठीक छ । त्यस्तै चाहिएको पनि हो । एक सेर मासु त होला नि ?" दरोगबाले अनुहारमा प्रशन्नता पोख्दै भन्यो ।

"एक सेर मात्र, डेढसेर भन्दा बढी होला", लछमिनियाले भनी ।

एउटा पोथीको छेउमा चर्दै गरेको भालेलाई लछमिनियाले केही बेर हेरी त्यसपछि दरोगबालाई सोधी, "तिम्रो नाम के हो ? अनि घर ?"

"मेरो नाम दरोगबा हो । यै गाउँको स्कूलमा काम गर्छु । घर मेरो अन्तै हो । यहाँ स्कूलमा नै बस्छु", दरोगबाले भन्यो ।

"मुर्गामुर्गी कसका लागि चाहिएको हो ? किनेर बेच्नका लागि हो कि ?" लछमिनियाले उत्सुकता मिश्रित मुद्राले दरोगबाको अनुहारतिर हेर्दै सोधी ।

"होइन, होइन, हेडमास्टर साहेबको लागि चाहिएको हो । आज मुर्गाको मासु खाने रे", दरोगबाले भन्यो ।

"ए त्यस्तो हो भने अलि सस्तोमै मिलाई दिउँला नि । साच्चै लिने हो त ?" लछमिनियाले प्रश्न गरी । लछमिनियाको बिहे भएको दुई महिना पनि भएको थिएन पूरा गाउँ नै बिग्रेको थियो । हैजाको डरले सबै थर्कमान थिए । अर्को गाउँबाट आउने मान्छेहरु त्यो गाउँको छेउबाट जान्थे भने त्यो गाउँको मान्छेलाई अर्को गाउँमा जान पूर्ण निषेधित गरिएको थियो ।

प्रत्येक दिन वा बिराएर चिता जलेको दृश्य देखापर्नु सामान्य जस्तो भइसकेको थियो । त्यसबेला जलेका चिताहरु मध्ये एक लछमिनियाको पति रोगाईको पनि थियो । एक महिनासम्म मच्चाएको हैजाको ताण्डव नृत्यले गाउँलेहरुमा घोर निराशा र त्रास छाएको थियो । मर्नेहरुमा लछमिनियाको पति बाहेक सासु, ससुरा, देवर तथा नन्दहरु पनि थिए । त्यो बेलादेखि नै लछमिनिया एकलै बस्दै आएकी हो ।

हैजाले परिवार सखाप पारेको २५ वर्ष बित्दासम्ममा बिहे गर्ने इच्छा धेरै पटक मडारिएको थियो लछमिनियाको मस्तिष्कमा । एक बिघा खेती जमीन, दुई हल गोरु र खान लगाउन प्रशस्त भएकी लछमिनियाले बिहे गर्ने निर्णय भने गर्न सकेकी थिइन तर, हँसुली, काँडा, बाजु, मट्ठा जस्ता गहनाहरु खँदिलो किसिमले बनाएकी थिई । खोँठिला, मात्रै थियो एक तोला सुनको । गाउँमा धेरै पटक डाँका लाग्दा मुस्मातसँग, त्यो पनि एक्लै बस्नेसँग के धन सम्पत्ति होला र भनेका थिए रे डाँकाहरुले ! धेरै टाढाबाट डाँकाहरु आउने हुनाले उसको धन सम्पत्तिबारे सँइको पाउन सकेका थिएनन् । वर्षेनी सत्यनारायण भगवानको पूजा गराउने हुनाले इश्वरको कृपा उसमाथि थियो की ? गाउँलेहरुले अड्कल काटेका थिए ।

दरोगबाले मुर्गा किनेर लगेको धेरै दिन बितिसकेको थियो । लछमिनियाको आँखाबाट भने दरोगबाको चित्र हराउन सकेको थिएन । त्यस्ता धेरै चित्रहरु पहिले पहिले उसको आँखा अगाडि निकै मडारिने भएता पनि तीमध्ये कुनैको पनि आयु लामो हुन सकेको थिएन । लछमिनियाको आँखा आँगनमा चरिरहेको मुर्गा मुर्गीतिर भएता पनि ध्यान भने दरोगबाको सम्झनामा नै केन्द्रित थियो ।

दरोगबा फेरि लछमिनियाको आँगनमा आउन थालेको देखापऱ्यो । टाढैबाट लछमिनियाले दरोगबालाई देखिसकेको हुनाले सन्दुकभित्रबाट हँसुली र बाजु झिकी, राम्रो गरी पुछपाछ गरेर लगाई । बजारबाट अस्ति मात्रै किनेर ल्याएकी लहटी पनि लगाई । डोलमा राखेको पानीले मुख धोई र धेरै बेर लगाएर मुख पुछी । धोतीलाई पनि अलि व्यवस्थित गरी । कोठीमाथि राखेको ऐनामा जमेको धूलो अचराले झारी अनि ऐनामा धेरै बेरसम्म हेरी । जवानीका दिनहरुमा घाँस काट्न जाँदा उसका साथीहरुले उसको गालाको प्रशंसा गरेको सम्झी । गाला छामी, पहिले जस्तो नै लाग्यो ।

आँगनमा प्रवेश गर्दै दरोगबाले भन्यो, "गाउँभरि खोजेँ तर, भनेको जस्तो भाले नपाएको हुनाले तिमी कहाँ आएको । तिमी कहाँ होला भन्ने लाग्यो मलाई" ।

"छ, छ मसँग एक से एक भाले छ । फेरि मलाई भाले मात्रै पाल्न राम्रो लाग्छ पनि । बरु कस्तो चाहिने हो, ठूलो, सानो अथवा ठीक्कको ?" लछमिनियाले दरोगबाको आँखामा सम्पूर्ण दृष्टि राख्दै सोधी ।

"ठीक्कको भए हुन्छ" दरोगबाले भन्यो । दरोगबाको ध्यान चाँहि भालेको सौदामा नै केन्द्रित थियो । कति छिटो भाले लगेर पकाउने र पाहुनाहरुलाई खुवाउने हतार थियो उसलाई ।

"ल ल छिटै गर" दरोगबाले भन्यो ।

"किन हतार गरेको ? सूर्य त अस्ताएको छैन । रातिको खानाको लागि यत्रो हतार ?"

"बस, बीडी पिउँछौ ? एक नम्बरको छ" लछमिनियाले भनी अनि खुँट खोलेर बीडीको मुट्ठा झिकी । हातमा बीडी राखेर दरोगबातिर फर्काइ । बीडी दिने क्रममा लुगा अर्ध पारदर्शी हुन गएको दरोगबा भन्दा लछमिनियालाई बढी महशूस भयो ।

राती अबेरसम्म मनमा अनेक कुराहरु खेलिरहेको हुनाले लछमिनियाको आँखामा निद्राको नाम निसान पनि थिएन । दरोगबा उसको घरमा घरी घरी आउनुको अर्थ खोज्दै थिई । आफैलाई प्रश्न गरी - मुर्गा मुर्गी भने जस्तो अन्त पनि त पाउन सकिन्छ । तर मेरो घर नै किन रोज्छ उसले ? मेरो घरमा नै किन आउँछ घरि घरि । मेरो अगाडि ऊ किन खुल्न नसकेको ? लोग्ने मान्छेहरु छिटै खुल्न सक्छन् भन्छन् । त्यस्ता धेरै प्रश्नहरुको उत्तर खोज्दा खोज्दै लछमिनियालाई रातको तेस्रो पहरमा निद्रा परेको थियो ।

दरोगबा यो पटक लछमिनियाको आँगनमा आउनुको कारण पनि पुरानै थियो । अन्यत्र भाउ मिल्न सकेको थिएन ।

"के कामले आयौ ए दरोगबा ?" लछमिनियाले हाँस्दै सोधी ।

"अरुहरुले धेरै महँगो भने । तिमी कहाँ राम्रो भाउमा पाइन्छ कि भनी आएको" दरोगबाले भन्यो । "बराबर आइरहनेलाई केको भाऊ ? आ भाउ न साउ ? बरु भन आँगनमा भएका ती मुर्गाहरु मध्ये कुन लिने हो ?" लछमिनियाले प्रशन्न मुद्रामा खुलस्त पार्न आग्रह गरी ।

"उ त्यो रातो भाले हुन्छ । बरु छिटै समात्न लगाई देउ, हतार छ" दरोगबाले भन्यो ।

"तिमी त गजबको मान्छे रहेछौ ? जहिले पनि हतार नै रहन्छ तिमीलाई ? तिम्रो आमाले हतार मै जन्माएको हो कि क्या हो तिमीलाई ? बस । एकै छिन भए पनि बस" भन्दै चटाई ओछ्याइ दिई । भन्ने क्रम जारी नै राखी "बीडी पिउँछौ कि कंकड ? बीडी चाँहि गजबको छ । हिजो मात्रै कटहरिया बजारबाट किनेर ल्याएको । लङ्ग इलाइची खान्छौ भने त्यो पनि छ । अलिकति मिस्री पनि छ । चिसो पानीसँग मिस्री खुब स्वादिलो हुन्छ । होइन भने जे खान इच्छा लाग्छ खाउ ।"

भाव शून्य अनुहारले दरोगबाले लछमिनियातिर हेर्दै ओछ्याएको चटाइमा बस्यो ।

"घरमा तिम्रो को-को छ"? लछमिनियाले भर्खरै बसेको दरोगबासँग प्रश्न गरी ।

"तीन वटी बहिनी, दुई वटा भाई अनि बाप मतारी" दरोगबाले उत्तर दियो ।

आश्चर्य भन्दा खुसी मान्दै उसले पुनः सोधी "अहिलेसम्म विवाह गरेको छैनौ ?"

"बच्चामा भएको थियो । सर्पले टोकेर उसको मृत्यु नहिरामा नै भयो रे ! त्यसपछि, खोइ अहिलेसम्म विवाह भएको छैन" दरोगबाले खुलस्त पार्दै बेलिबिस्तार लगायो ।

"तिमीले विवाह गरिदिनु भनेनौ ?" लछमिनियाले कौतुहलतालाई रोक्न नसकी झ्वाट्ट प्रश्न गरी ।

"आफ्नो विवाहको कुरा आफैले कसरी गर्नु ? धत् !" दरोगाबाले पनि तत्कालै उत्तर दियो ।

"विवाह नै नगरी बस्छौ त ?" लछमिनियाले प्रश्न गरी ।

प्रश्नमा प्रतिप्रश्न गर्दै दरोगबाले सोध्यो "विवाह नगरी बस्न सकिदैन ? तिमीले पनि त यत्रो उमेर एक्लै काटे जस्तो देखिन्छ । तिमी पनि त नितान्तः एक्लै छेउ, होइन त ?"

लछमिनियालाई प्रतिप्रश्न गरिसके पछि, "ओहो ! अँध्यारो हुन आँट्यो" भन्दै दरोगबाले मुर्गालाई काखी च्यापेर घरतिर लम्क्यो ।

लछमिनियाले आफैले पकाएका कुराहरु खाँदा हाँसो कुनै बेला रिस पनि उठिरहेको थियो । दालमा नून शून्य । भात काँच्यै । तरकारीमा नुन अति चर्को । किन होला आज यस्तो भएको ? आफैसँग प्रश्न गरी । भात लगेर आँगनमा हुऱ्याई । भालेहरु रमाउँदै तँछाड मछाड गर्दै फालिएको भात टिप्न थाले । भालेहरुको कक... कक... आवाज सुनेर के भो कुन्नी छेउको पिँढा उठाएर त्यसलाई टाउको सम्म पुऱ्याउँदै हिर्काइ ती रमाउँदै गरेका भालेहरुलाई लछमिनियाले । एउटा सेतो भाले नराम्रो गरी घाइते भयो । अरु भालेहरु सुरक्षित दिशातिर लागे । घाइते भाले खुट्टा खोच्याउँदै निकै पर पुग्यो । भाले कराउँदै थियो कट्कट् कटास्... ।

त्यो घाइते भालेलाई धेरै बेर लछमिनियाले हेरी अनि लामो सास लिई । बिहानदेखि मुजेलियामा रखेको रहरीको गेडा जाँतोमा हालेर जाँतो चलाउन थाली । घडघड घडघड... आवाज धेरै बेरसम्म आएको सुनियो ।

लछमिनियाको आँगनमा दरोगबा फेरि देखा पऱ्यो अप्रत्यसित किसिमले ।

"भाले चाहिएको होला, होइन त ?" लछमिनियाले सोधी ।

"तिमीले गरेको अनुमान बिल्कुल ठीक छ । एउटा राम्रो मुर्गा चाहिएको छ । थुप्रै पाहुनाहरु आएका छन् हेडमास्टर साहेब कहाँ, सायद ससुराली तिरका हुन कि ? अन्त त्यति ठूलो भाले नपाइएला भनेर सरासर तिमी कहाँ आएको । फेरि, तिमी कहाँको भाले गजबको हुन्छ । खाए पिएर मस्त भएको । एकदम एक नम्बरको" हतारिँदै दरोगबाले भन्यो ।

दरोगबातिर केही बेर नियालेर हेरे पछि लछमिनियाले जवाफ दिई "छैन भाले टाले" ।

"ऊ ती चर्दै गरेका भालेहरु तिम्रै त हुन नि ?" आश्चर्य मान्दै दरोगबाले सोध्यो ।

"ल, ल ल ती भालेहरु मेरै हुन, म बेचदिनँ । के गर्छौ ? बेच्ने इच्छा पनि त हुनु पऱ्यो मलाई ?" लछमिनियाले प्रश्न गरी

"राम्रो दाममा लिन्छु । तिमीले भनेकै", दरोगबाले आग्रह गऱ्यो ।

"भो भो बेचदिन", लछमिनियाले भनी ।

"ल त भैगो, किन कर गर्नु" भन्दै दरोगबा जुन दिशाबाट आएको थियो त्यतै लाग्यो ।

**काठमाडौं/मस-** कुमारी बैंक लिमिटेड र सिमेक्स इन्कर्पोरेटेडबीच ग्राहकहरूलाई बिवाइडी अटो इण्ड्रस्ट्रि कम्पनीको विद्युतीय सवारी साधन सहजै खरिद गर्न कर्जा प्रदान गर्ने सहकार्य भएको छ। बुधबार कुमारी बैंक र सिमेक्सबीच बिवाइडीका विद्युतीय सवारी साधनमा बैंकले सहजै ८ वर्षको लागि ८० प्रतिशतसम्म कर्जा प्रदान गर्ने सहकार्य भएको हो।

बैंकका अनुसार यो सहकार्यपश्चात् उसका ग्राहकले बिवाइडीको विद्युतीय सवारी साधन किन्न बैंकबाट सजिलै बिजक मूल्यको ८० प्रतिशतसम्म कर्जा प्राप्त गर्ने छन्। कर्जाको अवधि ८ वर्षसम्म रहने प्रावधान छ। सिमेक्स इन्क प्रालिका प्रबन्ध निर्देशक यमुना श्रेष्ठले ग्राहकहरूलाई उच्च गुणस्तर, पर्यावरणमैत्री विद्युतीय सवारी साधन सहजै उपलब्ध गराउन प्रतिबद्ध रहेको बताइन्। उनले भनिन्, 'हामी कुमारी बैंकसँग साझेदारी गर्न पाउँदा गर्व गर्छौं, हाम्रा ग्राहकहरूलाई उत्कृष्ट वित्तीय सेवाहरू प्रदान गर्न सामूहिक विशेषज्ञता र स्रोतहरू प्रयोग गर्नेछौं।'

## त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**लुहाम, सल्यान**

**ठेक्का रद्द गरिएको सूचना**

**प्रकाशित मिति–२०७९/११/१९**

यस कार्यालयबाट आ.व.०७९/०८० मा निर्माण हुने ठेक्का नं. TRM/SLN/NCB/WORKS/1/079/80 Dhungibazar- Pimkhola-Makhantakuri Sadak Nirman कार्यको मिति २०७९/०९/१० गते प्रकाशित सूचनाबाट बोलपत्र आव्हान भै मिति २०७९/१०/०९ गते दिनको १२.०० बजेसम्म e–sumission बाट दर्ता भै सोहि दिनको १.०० बजे खोलिएका बोलपत्रहरुको प्रारम्भिक मुल्याकन हुँदा प्राविधिक कारणले पुर्ण मुल्यांकन हुन नसकि मुल्याकंन समितिको शिफारिसमा यस कार्यालयको मिति २०७९/११/१९ गते को निर्णयानुसार ठेक्का रद्द गरिएको यो सूचना प्रकाशित गरिएको छ।

# दोस्रो नेपाल ट्रेड समिट सम्पन्न




**काठमाडौं/मस-** नेपालमा सिमेन्ट, स्टिल र कोइला व्यवसायको चुनौती र सम्भावनाबारे बृहत छलफल गर्न भारतको स्टिलमिन्ट ग्रुपले आयोजना गरेको दुईदिने दोस्रो नेपाल ट्रेड समिट बिहीबार सम्पन्न भएको छ। सम्मेलनमा स्टिल, सिमेन्ट र कोइला व्यवसाय सम्बद्ध विभिन्न पाँच विषयमा गहन छलफल भएको छ।

सम्मेलनको उद्घाटन बुधबार उपप्रधान र भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले गरेका थिए। पहिलो दिनको प्राविधिक सत्रमा युज अफ स्पन्ज आइरन फर द प्रडक्सन अफ फ्ल्याट एन्ड लङ प्रडक्ट्स थ्रु आईएफ रुट अफ स्टिल मेकिङ र स्टिल मेल्टिङ टेक्नोलोजिज एन्ड इम्प्रुभिङ इफिसिइन्सिज शीर्षकमा छलफल भएको थियो।

दोस्रो दिनको सत्रमा र मेटेरियल सोर्सिङ अप्सन फर नेप्लिज स्टिल इन्डस्ट्रिज, आउटलुक अन नेप्लिज सिमेन्ट इन्डस्ट्रिज र र्‍यासनलाइजेसन अफ इन्पुट कस्ट्स इन स्टिल मेकिङ शीर्षकमा सम्बन्धित क्षेत्रका विज्ञ र सहभागीबीच छलफल भएको थियो। नेपाल, भारत अन्य देशका गरी २७० जनाभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको सम्मेलनमा विश्वव्यापी स्टिल बजारको बदलिँदो गतिशीलताबारे पनि छलफल भएको थियो। सम्मेलन निकै फलदायी रहेको सहभागीहरुको प्रतिक्रिया छ। सम्मेलनको तेस्रो संस्करण सन् २०२५ मा काठमाडौंमा गर्ने स्टिलमिन्ट ग्रुपका सिएमओ सुमित अग्रवालले बताए।

प्लाटिनम पार्टनर इलेक्ट्रोथर्म रहेको यो सम्मेलनमा गोल्ड पार्टनरको रुपमा विजय स्टिल, जीवानी फ्युल्स प्रालि र अशोक स्टिल थिए। त्यसैगरी, सिल्भर पार्टनरमा मेगाथर्म र इन्डक्टोथर्म ग्रुप थिए।

# छुटै छुटको 'बिग सिजी डे' हुँदै




**काठमाडौं/मस-** चौधरी ग्रुप अन्तर्गत सिजी डिजीटल ईकमर्सले फेरी पनि बिग सिजी डे २.३.२३ योजना ल्याएको छ। बिग सिजी डे योजना प्रत्येक वर्ष एक विशेष योजनाका रुपमा सिजी डिजीटल ई कमर्सले मनाउँदै आएको छ।

यस योजनामा चौधरी ग्रुप अन्तगर्त रहेका विभिन्न प्रोडक्ट र सेवाहरु विशेष आकर्षक छुटमा यहि मार्च ३ देखी मार्च १० तारिखसम्म उपलब्ध हुने बताइएको छ।

यस योजनामा निःशुल्क जडान, फ्रि डेलिभरी, बम्पर लक्की ड्र, बैंक कार्ड छुट र सरल किस्ताबन्दी, अतिरिक्त छुट कुपन, साथै पहिलो २३ जना ग्राहकहरुलाई १२ प्रतिशतसम्मको थप विशेष छुटको व्यवस्था रहेको छ।

कम्पनीको अनुसार बिग सिजी डे २.३.२३ मा सिजी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्स, सिजी फुड्स, सिजी नेट, सि.जी. हिल्स्, सिजी एजुकेशन, सिजी हस्पिटालिटीका विभिन्न प्रोडक्ट तथा सेवा सुविधाहरुमा विभिन्न अफर रहेको छ।

## संयुक्त साधारणसभाको सूचना

काठमाण्डौ जिल्ला, का.म.न.पा. - ४, बालुवाटार काठमाण्डौं स्थित हब को-अपरेटिभ सर्भिस लि. र काठमाण्डौ जिल्ला, का.म.न.पा. - २६, काठमाण्डौं स्थित प्रभु को-अपरेटिभ सर्भिस लि. का बिच सहकारी एकिकरण तथा बिभाजन निर्देशिका २०७७ बमोजिम संस्था एकिकरण प्रयोजनका लागि गठित एकिकरण कार्य दलको मिति २०७९ फाल्गुण ११ गतेको बैठकको निर्णय अनुसार तपशिलको मिति समय र स्थानमा संयुक्त साधारण सभा आयोजना गरिएको हुनाले सम्बन्धित सबैमा उपस्थितीका लागि हार्दिक अनुरोध छ।

साथै सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका २०७६ को दफा १० बमोजिम प्रस्ताव दर्ता गर्न ईच्छुक सदस्यहरुलाई तपशिल अनुसारको प्रकृया पुरा गरि दुबै संस्था मध्ये पाएक पर्ने संस्थाको प्रधान कार्यालयमा प्रस्ताव दर्ता गर्न यो सुचना जारी गरिएको छ।

**संयुक्त साधारणसभाका कार्यसुचीहरू :**

**संयुक्त साधारणसभाका कार्यसुचीहरु :**

क) एकिकरण प्रस्तावलाई अन्तिम रुप दिई पारित गर्ने।
ख) एकिकरण पछि कायम हुने सहकारी संस्थाको कार्ययोजना स्विकृत गर्ने।
ग) एकिकरण पछि कायम हुने सहकारी संस्थाको प्रस्तावित विनियमको मस्यौदा पारित गर्ने।
घ) एकिकरण पछि कायम हुने सहकारी संस्थाको तदर्थ सञ्चालक समिति गठन गर्ने।
ङ) एकिकरणको हिसाब मिलान प्रमाणीत गर्न ईजाजत प्राप्त लेखापरिक्षक नियुक्त गरि पारिश्रमीक तोक्ने।
च) एकिकरण पछि कायम हुने सहकारी संस्थाको कर्मचारीको पद मिलान तालिका स्विकृत गर्ने
छ) संयोजन कार्यदलको खर्च अनुमोदन गर्ने
ज) अन्य ।

**स्थान : प्रभु कम्पलेक्स, कमलादी काठमाण्डौ।**
**मिति : २०७९।१२।११ गते, शनिबार।**
**समय : दिनको ठिक ०१:०० बजे।**

**प्रस्ताव दर्ता गर्न ईच्छुक सदस्यको हकमाः**

१. दर्ता गर्न चाहेको प्रस्ताव सहित कुल शेयर सदस्यहरु मध्येबाट १० प्रतिशत सदस्यहरुको हस्ताक्षर सहित निवेदन दर्ता गर्नुपर्नेछ।

**संयोजक**
**एकिकरण कार्य दल**

## इन्फिनिटी लघुवित्तको समूह प्रमुख गोष्ठी सम्पन्न

**काठमाडौं/मस -** इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले शाखा कार्यालय कोहलपुर शाखामा समूह प्रमुख गोष्ठी तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम ज्ञानोदय पुस्तकालय कोहलपुरको सभाहलमा ८२ जना समुह अध्यक्षहरुको उपस्थितिमा सम्पन्न भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि असुली तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख नयन देवकोटाले वित्तीय साक्षरता तथा आधुनिक डिजिटल प्रविधि तथा मोवाईल बैंकिङसँग सम्वन्धी विषयमा प्रशिक्षित गरेका थिए। शाखामा भएका कुल १९३ वटा समुह मध्येबाट ३ वटा समूह पुरस्कृत भएको र उत्कृष्ट व्यवसायी सदस्यलाई समेत सम्मान गरिएको कार्यक्रमका प्रमुख अतिथि नयन देवकोटाले बताए। कार्यक्रममा उपस्थित सम्पूर्णलाई स्वागत तथा वित्तीय संस्थाको वर्तमान अवस्थाको बारेमा शाखाका प्रमुख सञ्जिता कुमारी चौधरीले स्पष्ट पारेका थिए।

## डिशहोम ग्राहकलाई इन्टरनेटको नयाँ प्रविधि 'आईपीभी सिक्स'

**काठमाडौं/मस –** डिशहोम फाइबरनेटले नयाँ इन्टरनेट प्रोटोकल आईपीभी सिक्स कार्यान्वयनमा ल्याएको छ। कम्पनीले अंग्रेजी नयाँ वर्ष २०२३ को शुरुवातबाट आईपीभी सिक्स प्रविधिमार्फत सेवा दिन थालिसकेको छ। योसँगै नेपालमा आईपीभीसिक्स प्रयोग गर्ने इन्टरनेट सेवाप्रदायकको सूचीमा डिशहोम फाइबरनेट पनि जोडिएको छ।

इन्टरनेटले काम गर्नुमा इन्टरनेट प्रोटोकल एड्रेस अथवा आईपी एड्रेसको मुख्य भूमिका हुन्छ। हरेक डिभाइस तथा उपकरणलाई इन्टरनेटमा कनेक्ट गर्न र अन्य कम्प्युटर, नेटवर्क र डिभाइससँग सञ्चार गर्न आईपी एड्रेस जरुरत पर्दछ। इन्टरनेट प्रोटोकल भर्सन सिक्स त्यसैको नयाँ पुस्ता हो।

## थाक्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**महादेवबेशी, धादिङ**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०७९/११/२०)**

यस कार्यालयको मिति २०७९/१०/०८ गते प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरुको **Technical Evaluation / Financial Evaluation** बाट तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| सि. नं. | ठेक्का नंम्बर | ठेक्काको नाम | स्वीकृत बोलपत्रदाता |
|---|---|---|---|
| 1. | 11/NCB/WORKS/THAKRE/2079/080 | Mahadevbesi Maranghat Chhitra Nirman tatha samrakshan | Shree liti kalika construction and suppliers pvt. ltd. |

**प्रमुख प्रशासकीय अधिकृत**

## मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मक्रान्चुली, मकवानपुर**
**वागमती प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/११/२०**

यस मकवानपुरगढी गाउँपालिका वाट हिमालय टाइम्स दैनिकमा मिति २०७९।१०।०२ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका वोलपत्रहरुको मुल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारका बोलपत्रहरु स्विकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि बोलपत्र स्विकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का. नं. | ठेक्काको विवरण | बोलपत्रदाताको नाम | बोलपत्रदाताको ठेगाना | कबोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | 08/MGRM/NCB/WORKS/2079/080 | SUKAURA KHORBHAN-JYANG SADAK (PCC SLAB ROAD M15) | Myra and Construction | Hetauda-3 | 7733358.24 |
| २ | 09/MGRM/WORKS/NCB/2079-80 | SAHID BASUDEB MARGAKO SAHAYEK PAHUCH MARGAHARU (PCC SLAB ROAD M15) | Vision Construction | Hetauda-11 | 4768709.87 |
| ३ | 04/MGRM/NCB/GOODS/2079-80 | SUPPLY AND DELIVERY OF FABRICATED STEEL PARTS FOR DHOKAPHEDI TRAIL BRIDGE | s.k.engineering industries | Butwal industries area,butwal | 1181135.35 |

## कतारमा रोजगार

कम्पनीः Turnkey Trading Contracting
शहरः Qatar,Doha

पुर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८२ L.T. No.: 282060

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 38 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electric | 20 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 3. | Heavy Equipment Driver | 2 | 0 | | 3000 | १०८,४२० | | | | | | | |
| 4. | MASON | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |
| 5. | REINFORCE FITTER | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

२. कम्पनी : CAT INTERNATIONAL QATAR शहरः Qatar
पुर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८१ L.T. No.: 282057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | PAINTER | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २७ गते (11 March 2023) मा हुनेछ।

३. कम्पनी : Sadeen Global For Trading and Contracting शहरः Doha
पुर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८५ L.T. No.: 281872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 10 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

४. कम्पनी : Singapore Engineering & Contracting शहरः Doha
पुर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८४ L.T. No.: 282059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 16 | 0 | | 1200 | ४३,३६८ | | | | | | | |

५. कम्पनी : international heavy equipment & contracting शहरः Doha
पुर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८३ L.T. No.: 282058

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HEAVY VECHICLE DRIVER | 10 | 0 | | 2200 | ७९,५०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २८ र २९ गते (12 March to 13 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Gov. Lic. No. 1578/079/80
QATAR INTERNATIONAL Manpower Pvt. Ltd.
Tokha-05 Basundhara Kathmandu
Ph. No.: 01-5914971, E-mail: info@qim.com.np

# आसिफ र सन्दीपको कीर्तिमानी साझेदारीमा नेपालको जित



**काठमाडौं/मस–** आईसीसी विश्वकप क्रिकेट लिग–२ मा नेपालले पपुवा न्युगिनीलाई तीन विकेटले पराजित गरेको छ । पपुवा न्युगिनीले जितका लागि दिएको एक सय ८० रनको लक्ष्य नेपालले ४८ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो ।

नेपालका लागि ओपनर आसिफ शेख तथा सन्दीप लामिछानेले कीर्तिमानी साझेदारी गरेपछि पीएनजी पराजित भएको हो । सन्दीप र आसिफले आठौं विकेटका लागि ७७ रनको अविजित साझेदारी गरेका थिए ।

नेपालको जितमा आसिफ शेखले सर्वाधिक अविजित ८६ रनको योगदान दिए । उनले एक सय ३० बलमा दुई चौका र एक छक्काको मद्दतमा उक्त रन बनाएका हुन् । त्यसैगरी सन्दीप लामिछानेले अविजित ३५ रन बनाए ।

कुशल मल्लले २६ बलमा २३ रन बनाए । पहिलो बलमा नै ओपनर कुशल भुर्तेललाई गुमाएको नेपालले ज्ञानेन्द्र मल्ललाई छ रनमा गुमायो । त्यस्तै भीम सार्कीले आठ रन मात्र बनाउँदा कप्तान रोहित पौडेल र आरिफ शेखले समान एक र एक रन बनाए । दीपेन्द्रसिंह ऐरीले आठ रन बनाए भने कुशल मल्लले २३ रनमा बनाए ।

एक छेउबाट शीर्ष ब्याटरहरू एकपछि अर्को आउट हुँदै गर्दा आसिफ शेखलाई बलर सन्दीपले भरपर्दो साथ दिएका हुन् । यो जोडीले ३२ ओभरमा ७ विकेटको क्षतिमा १०७ रनको अवस्थाबाट नेपाललाई विजयी बनाएको हो । आसिफ र सन्दीपले १६ ओभरमा महत्त्वपूर्ण ७७ रन जोडे ।

पपुवा न्युगिनीका कप्तान असाद भाला, सेमो कमिया र सेसे बाउले समान २/२ विकेट लिए । त्यसअघि दुबई अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा टस जितेर पहिले ब्याटिङ रोजेको पपुवा न्युगिनीले ४९ दशमलव २ ओभरमा सबै विकेट गुमाउँदै १७९ रनको योगफल बनाएको थियो ।

पपुवा न्युगिनीका लागि टोनी उराले सर्वाधिक ३९ रनको योगदान दिए । त्यस्तै हिरी हिरी २९ रनमा आउट हुँदा किप्लीन डोरीगाले २६ रन बनाए । गौडी टोकाले १५ रन बनाए भने नर्मन भानुवाले १४ रन बनाए । सेसे बाउ र कप्तान असद भालाले समान ११/११ बनाए ।

नेपालका लागि सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले समान २/२ विकेट लिए भने कुशल मल्ल, सन्दीप लामिछाने र करण केसीले समान १/१ विकेट झारे ।

यस जितसँगै नेपाल ३१ खेलमा १४ मा जित र १५ मा हारसहित छैटौं स्थानमा छ । पपुवा न्यूगिनी ३१ खेलमा ७ अङ्कसहित तालिकाको पुछारमा रहेको छ ।

# जयपृथ्वी नगरपालिकालाई उपाधि



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, १९ फागुन

बझाङमा सम्पन्न भएको १३ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि जयपृथ्वी नगरपालिकाले हात पारेको छ । सत्यवादी माध्यमिक विद्यालय भोपुरमा सम्पन्न प्रतियोगितामा ८ स्वर्ण, ४ रजत र ३ कास्यसहित १५ पदक हात पारेर जयपृथ्वी नगरपालिकाले उपाधि जितेको हो ।

यस्तै प्रतियोगितामा दोस्रो भएको केदारस्युँ गाउँपालिकाले ६ स्वर्ण, ६ रजत र ४ कास्य गरी १६ पदक हात पारेको छ । यस्तै तेस्रो भएको बुङ्गल नगरपालिकाले ६ स्वर्ण, ४ रजत, ४ कास्य गरी १४ पदक जितेको छ ।

प्रतियोगितामा बित्थडचिर गाउँपालिकाले १३, छबिसपाथिभेरा गाउँपालिकाले ११, दुर्गाथलि गाउँपालिकाले ५, सुर्मा गाउँपालिकाले ३, साइपाल गाउँपालिकाले १, मष्टा गाउँपालिकाले ३, खप्तडछान्ना गाउँपालिकाले ४, तलकोट गाउँपालिकाले ४ र थलारा गाउँपालिकाले ३ पदक हात पारेको छ । प्रतियोगितामा विजेता पालिकाको टिमलाई जिल्ला खेलकुद विकास समितिका अध्यक्ष पुष्पलाल रोकायालगायतले पुरस्कार, शिल्ड, ट्रफी र प्रमाणपत्र वितरण गरेका थिए । यही फागुन १३ देखि सुरु भएको प्रतियोगिता शुक्रबार सम्पन्न भएको हो ।

# 'दोस्रो चुली युवा कप'को उपाधि रुकुम पश्चिमको पोल्टामा

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १९ फागुन



वीरेन्द्रनगरमा भएको कर्णाली प्रदेशस्तरीय 'दोस्रो चुली युवा कप' प्रतियोगिताको उपाधि रुकुम पश्चिमले जितेको छ । शुक्रबार भएको फाइनल खेलमा आयोजक क्लब चुलीलाई हराउँदै रुकुमपश्चिमले उपाधि जितेको हो ।

फाइनलमा चुलीले पहिलो एक सेट जित्दा रुकुम पश्चिमले लगातार तीन सेट जितेर उपाधि जितेको हो । उपाधि जितेपछि रुकुमपश्चिमले नगद दुई लाख २० हजार र ट्रफी पाएको छ । उपविजेता बनेको आयोजक क्लबले एक लाख ५० हजार र ट्रफी पाएको आयोजक संस्था चुली युवा क्लबका अध्यक्ष मोतिराम रस्तेलले जानकारी दिए । उनका अनुसार तेस्रो भएको सल्यानले ७५ हजार र चौथो भएको एपीएफ कर्णालीले पचास हजार नगद पुरस्कार र ट्रफी पाएका छन् ।

यस्तै महिलातर्फ भएको भलिबल प्रतियोगितामा एभरेष्ट क्लब बुटवलले उपाधि जित्न सफल भएको छ । एभरेष्टले नगद एक लाख ५० हजार र ट्रफी पाएको छ भने उपविजेता डायमण्ड क्लब काठमाडौंले नगद ८० हजार र ट्रफी पाएको अध्यक्ष रस्तेलले जानकारी दिए । यस्तै तेस्रो भएको आयोजक क्लब चुलीले नगद ५० हजार र चौथो भएको सल्यानले ३० हजार नगद र ट्रफी पाएको छ ।

गत फागुन ११ गतेबाट भएको प्रतियोगितामा पुरुषतर्फ देशभरका १६ र महिलातर्फ १२ क्लबले सहभागीता जनाएका थिए । आयोजकका अनुसार कर्णाली प्रदेशमा आयोजना भएको यो प्रतियोगिता हालसम्मकै सबैभन्दा ठूलो पुरस्कार राशिको हो ।

## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**पाँचखाल, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/११/२०**

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन, २०६४ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| IFB NO. | DESCRIPTION OF WORK | स्वीकृत बोलपत्रदाताको नाम | कबोल रकम रु. ( VAT र PS बाहेक) |
|---|---|---|---|
| PMW1/NCB/WORKS/03/2079/080 | VARIOUS ROAD UPGRADING WORKS IN WARD 1 | MORDEN ENGINEERING CONSTRUCTION PVT. LTD.KAVREPALANCHOK | 20,80,124.60 |
| PMW3/NCB/WORKS/02/2079/080 | CHAKRAPATH AND CHARPIPLE JA-NATADIHI A.P.F ROAD UPGRADING | MORDEN ENGINEERING CONSTRUCTION PVT. LTD.KAVREPALANCHOK | 30,14,332.80 |
| PMW4/NCB/WORKS/01/2079/080 | KHATA ROAD UPGRADING WORKS | DNO NIRMAN SEWA, KAVREPALANCHOK | 10,20,447.20 |
| PMW6/NCB/WORKS/03/2079/080 | THATI HANUMANGADHI & TINPIPLE KOLAKO CHAUR ROAD UPGRADING | ISHOR NIRMAN SEWA, KAVREPALANCHOK | 23,90,735.44 |
| PMW7/NCB/WORKS/02/2079/080 | RIGID PAVEMENT AND CANAL CONSTRUCTION WORK AT WARD 7 | DHAIBUNG KALIKA CONSTRUCTION COMPANY, UTTARGAYA-2, RASUWA | 38,30,209.40 |
| PMW8/NCB/WORKS/03/2079/080 | WARD OFFICE- BHANJYANG DANDAKHARK 52 KILO ROAD UPGRADING | ISHWOR CONSTRUCTION PVT. LTD. KAVREPALANCHOK | 23,44,072.30 |
| PMW9/NCB/WORKS/02/2079/080 | VARIOUS ROAD UPGRADING WORKS IN WARD NO. 9 | ISHWOR CONSTRUCTION PVT.LTD. KAVREPALANCHOK | 22,44,259.00 |
| PMW10/NCB/WORKS/02/2079/2080 | BELA -CHIURIBOT -PATLEGAUN AND BARPIPAL LUITELGAUN NAYAGAUN ROAD UPGRADING | ISHWOR CONSTRUCTION PVT. LTD. KAVREPALANCHOK | 20,64,406.20 |
| PMW13/NCB/WORKS/ 03/2079/80 | VARIOUS ROAD UPGRADING WORKS AT WARD-13 | MORDEN ENGINEERING CONSTRUCTION PVT. LTD., KAVREPALANCHOK | 68,87,723.30 |
| PMW13/NCB/WORKS/04/2079/080 | SUNKOSHI-KOSHIDEKHA WELL CONSTRUCTION AND PROTECTION WORKS | MORDEN ENGINEERING CONSTRUCTION PVT. LTD., KAVREPALANCHOK | 15,25,641.80 |

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार |

१. कम्पनीः **Saudi Manpower Solution Company**
शहर : Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४६९ LT. No.: 282025

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः **SAUDI MANPOWER SOLUTIONS CO.**
शहर : Saudi Arabai

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४६८ LT. No.:282024

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 23 | 0 | स. काममा दक्ष | 1000 | ३५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः **Br. Binzagr Factory for Insulation Materials Co.Ltd.**
शहर : Saudi Arabai

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४६७ LT. No.:282022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLD LABOR | 3 | 0 | स. काममा दक्ष | 1200 | ४२,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २७ गते (11 March 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Miracle Employment Service (P.) Ltd**
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal
Tel.: 01- 4416930, 4415239
Email: miraclems@wlink.com.np
श्रम इजाजत पत्र नं.: ७१९/०६४/०६५


## कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कावासोती, नवलपरासी (वर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

### कृषी औजार खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**सूचना प्रकाशित मिति २०७९/११/२०**

यस कावासोती नगरपालिका कार्यालयले कृषकहरुका लागि तपसिल बमोजिमको लागत अनुमान बजेट भित्र रहि अनुदानमा वितरण गर्न कृषी औजार खरिद गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५ औ दिनको साँझ ५:०० बजे भित्र दरभाउपत्र खरिद गरी १६ औ दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धीत सबैमा यो सूचना प्रकाशित गरिएको छ । साथै कृषी औजार खरिद सम्बन्धी सार्वजनिक सूचनाको विस्तृत विवरणर सामानको स्पेशिफिकेशन कावासोती न. पा. को वेवसाइट www.kawasotimun.gov.np मा राखिएको छ ।

**तपसिल**

| सि. नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 03/KM/SQ/079/080goods | कृषी औजार खरिद | २१,६८,०००/- | ६५०४०/- | |

१. दरभाउपत्र फारम दस्तुर रु ३०००।- (अक्षरुपी तिनहजार रुपैयाँ मात्र) कावासोती न.पा को राष्ट्रिय वाणिज्य बैक कावासोती शाखामा रहेको हिसाव नं. ३२००१००३०१०१०००३ मा जम्मा गरी सक्कल भौचर राख्नु पर्ने छ वा का.न.पा को राजश्व शाखामा राजश्व बुझाएको सक्कल बिल र निवेदन, अन्य आबश्यक कागजात सहित दरभाउपत्र फारम खरिदका लागि पेश गर्नु पर्ने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
## शहरी विकास तथा भवन निर्माण विभाग
## संघीय आयोजना कार्यान्वयन ईकाइ
**नेपालगंज, बाँके**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०७९/११/२० गते)**

यस कार्यालयको सूचना नं.२/२०७९/०८० मिति २०७९/०९/१८ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक रु. (मु. अ. क. सहित) |
|---|---|---|---|---|
| 1. | DUDBC/FPIU/Banke/Work/NCB/2079/080-08 | Beautification of Sahid Park at Barbardiya-07, Bardiya | Aarambha Nirman Sewa, Thakurbaba-06,Bardiya | 61,17,444.28 |
| 2. | DUDBC/FPIU/Banke/Work/NCB/2079/080-09 | Upgradation of Tourism City and Settelment with Construction of road and drain at Thkaurdwara, Bardiya | Thakurbaba Nirman Sewa, Thakurbaba-01, Bardiya | 67,79,764.27 |

**आयोजना प्रमुख**

# बक्स अफिस समाचार

## ‘छक्का पञ्जा-४’ र ‘छड्के-२’को भिडन्त






**काठमाडौं/मस–** शुक्रबारबाट फिल्म ‘छक्का पञ्जा-४’ र ‘छड्के-२’ प्रदर्शनमा आएका छन् । सोमबार साँझबाट मल्टिप्लेक्सहरूले बुकिङ खुला गरेका यी दुई चलचित्र शुक्रबारबाट प्रदर्शनमा आएका हुन् ।

देशकै सबैभन्दा ठूलो मल्टिप्लेक्स चेन क्यूएफएक्समा दुवै चलचित्रले राम्रो शो पाएका छन् । शुक्रबार क्यूएफएक्समा ‘छक्का पञ्जा-४’ले ६६ शो पाएको थियो । बुकिङ खुलाउँदा मंगलबार यसले ५३ शो पाएको थियो ।

‘छड्के-२’लाई ३८ शो दिइएको छ । मंगलबार बिहान यसलाई ३९ शो प्रदान गरिएको थियो । क्यूएफएक्समा ‘छक्का पञ्जा-४’ले ‘छड्के-२’भन्दा ३८ शो बढी पाएको छ । यी दुवै राम्रो सम्भावना बोकेका चलचित्र हुन् ।

ग्याङस्टर जनरामा निर्माण भएको ‘छड्के २’लाई निगम श्रेष्ठले लेखन तथा निर्देशन गरेका हुन् । फिल्ममा अनमोलका साथै रोविन तामाङ, कमलमणि नेपाल, देवकुमार श्रेष्ठ, सिर्जना सुब्बा, देवु श्रेष्ठ, रेशा आले मगर, इयान स्कट क्लेमेन्ट, सन्तोष मिजार, अफरान अलि, निगम श्रेष्ठ, चिरञ्जीवी अधिकारी, कुमार घलानको पनि अभियन छ । प्रशान्त गिरी र देवकुमार श्रेष्ठ फिल्मका निर्माता हुन् ।

त्यस्तै, हेमराज विसीले निर्देशन गरेको ‘छक्का पञ्जा ४’मा दीपकराज गिरी, दीपाश्री निरौला, केदार प्रसाद घिमिरे, नीर शाह, निर्मल शर्मा, बेनिशा हमाल, मलिना जोशी, बुद्धि तामाङ, राज आचार्य, सुष्मा निरौला, वेदना राई, मलिना जोशी, सविन बाँस्तोला, रमेश बुढाथोकीलगायतको अभिनय रहेको छ ।

यसैबीच माइकल बी जोर्डन निर्देशित हलिउड फिल्म ‘क्रिड ३’ पनि शुक्रबारबाट प्रदर्शनमा आएको छ । १ घण्टा ५८ मिनेट लामो फिल्ममा जोर्डन, टिजा थम्पसन र जोनाथन मेजर्सको शीर्ष भूमिका छ । आफ्नो करिअर र परिवारमा व्यस्त तथा खुसी रहेको एडोनिस नामक शीर्ष पात्रको जीवन त्यतिबेला बदलिन्छ जतिबेला उसको स्कुले साथीसँग उसको भेट हुन्छ । त्यतिबेला उनीहरुको लडाइँ बक्सिङभन्दा माथिल्लो स्तरमा हुन्छ । स्पोर्ट्स ड्रामा जनरामा यसलाई राखिएको छ ।

## श्रीदेवसहितका कलाकर्मी सम्मानित

**काठमाडौं/मस–** नायक श्रीदेव भट्टराईले अफ्रिकामा ‘पीडा’ गीतबाट उत्कृष्ट मोडलको अवार्ड पाएका छन् । तेस्रो ग्लोबल इन्टरनेशनल अवार्ड समारोहमा नेपाली कला क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल श्रीदेवले अवार्ड पाएका हुन् ।



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा थुप्रै कार्यक्रमहरु आयोजना गरी एक सफल इभेन्ट आयोजकको रुपमा ख्याती कमाएको वर्ल्डवाइड मिडिया नेटकर्वकको आयोजनामा तेस्रो ग्लोबल इन्टरनेशनल अवार्ड इजिप्टको कायरोस्थित होटल स्विस ईन नाईलमा भएको हो ।

इजिप्टका लागि नेपाली राजदूत सुशिल लम्सालको प्रमुख आतिथ्यतामा आयोजित उक्त समारोहमा नेपालबाट उक्त अवार्ड समारोहका लागि छनोट भएका कलाकार, अभिनेता, सौन्दर्यविद्, समाजसेवी, व्यवसायी लगायतको उपस्थिति रहेको थियो ।

नेपालमा विभिन्न विधामा छनोट भई सम्मान प्राप्त गर्नेमा वरिष्ठ अधिवक्ता कलमबहादुर खत्री, वरिष्ठ सौन्दर्यविद् मनिषा जिसी, युवा समाजसेवी एवं व्यवसायी अनिल नगरकोटी, साहित्यकार राधादेवी भण्डारी, स्वास्थ्य व्यवसायी गोपाल खड्का तथा समाजसेवी ममता खत्री रहेका थिए ।

अन्य अवार्ड प्राप्त गर्न सफल व्यक्तित्वहरुमा लोक पप गायक सिताराम पोखरेल, गीतकारबाट आधुनिकतर्फ सीताराम कोइराला र आधुनिक महिला गीतकारबाट रिमा श्रेष्ठ, तामाङ सेलो ‘डेव्यु’ जसपाल पाख्रिन तामाङ, संगीततर्फ संगीतकार रविन्द्र पौड्याल, म्युजिक भिडियो निर्देशनबाट सोनाम पाख्रिन, लोक पप विधाको मोडलबाट प्रकाश श्रेष्ठ तथा उत्कृष्ट स्वास्थ्य व्यवसायीको रुपमा अनिल कुमार शर्मा रहेका थिए ।

## ‘प्रसाद २’ ट्रेलर : जातीय विभेद अन्त्यका लागि संघर्षको कथा

**काठमाडौं/मस–** फिल्म ‘प्रसाद २’को ट्रेलर सार्वजनिक गरिएको छ । आगामी चैत २४ गतेलाई नयाँ प्रदर्शन मिति घोषणा गर्दै शुक्रबार फिल्म ‘प्रसाद २’को ट्रेलर सार्वजनिक गरिएको हो ।

पहिला आगामी बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा निर्माण पक्षले फिल्मको रिलिज मिति एक हप्ता अगाडि सारेको हो । सार्वजनिक ट्रेलरमा जातीय विभेद अन्त्य गर्नका लागि बाबुराम पात्रले गर्ने संघर्षलाई देखाइएको छ ।

महिलामाथि हुने बलात्कारको घटनालाई समेत प्रस्तुत गरिएको ट्रेलरमा बाबुराम पात्र (विपिन कार्की) अधिकारको लडाइँका लागि राजनीतिक पार्टी खडा गरेर चुनावी मैदानमा होमिएको छ । उसलाई रोक्न कसरी षड्यन्त्र र जालझेलको खेल हुन्छ भन्ने कथासार प्रस्ट्याइएको ट्रेलरमा संवाद, छायांकन र ब्याकग्राउन्ड स्कोरको काम राम्रो छ । विपिन र केकी अधिकारीको अभिनय बुलन्द छ ।

सुदर्शन थापाको निर्देशनमा बनेको फिल्मको स्लोगन ‘माया भन्दा ठूलो नै के छ र !’ राखिएको छ । यो २०७५ सालको हिट फिल्म ‘प्रसाद’मा समावेश गीतको एक अंश हो । सुदर्शन बस्नेत निर्माता रहेको फिल्मको प्रस्तुतकर्ता सुभाष थापा हुन् । सुशिल पौडेलको लेखन रहेको फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणि नेपाल, प्रकाश घिमिरे, विशाल पहाडीलगायतको पनि अभिनय छ ।

सुलभ थापा प्रोडक्सनले एसजी फिल्म्ससँग मिलेर निर्माण गरेको फिल्मका छायाँकार राजेश श्रेष्ठ हुन् । ‘प्रसाद २’मा विक्रम स्वारको कोरियोग्राफी, मिलन श्रेष्ठको सम्पादन, राजनराज सिवाकोटीको शब्द रचना तथा संगीत र शैलेस श्रेष्ठको ब्याकग्राउन्ड स्कोर छ । फिल्मको कथावस्तुले यसपटक दर्शकलाई झनै आकर्षित गर्ने निर्देशक थापा बताउँछन् ।

## स्पेनमा ‘छक्का पञ्जा ४’ को विशेष शो हुने




**कुमार पौडेल/मध्यान्ह**
स्पेन, १९ फागुन

स्पेनको मड्रिडमा फिल्म ‘छक्का पञ्जा ४’को विशेष शो हुने भएको छ । ‘छक्का पञ्जा ४’लाई मड्रिडमा सारा इभेन्ट इन्टरटेन्टमेन्टले भित्र्याउन लागेको हो । विगत एक दशकभन्दा बढी समय स्पेनमा बसेका चितवन निवासी मेघनाथ ढकालले सारा इभेन्टमार्फत यो फिल्म मड्रिड भित्र्याउन लागेका हुन् ।

मार्च ११ र १२ तारिखका दिन उक्त फिल्म सेल साइग्रेसेस, ६ मा विशेष शो हुने जानकारी गराए । मड्रिडमा हुने नेपालिहरुले फिल्म हेर्न पाउने भएपछि खुसी व्यक्त गर्दै प्रतीक्षामा रहेको बताएका छन् ।

सो इभेन्टले पहिला पनि नेपाली फिल्म मड्रिड ल्याएर विशेष शो गर्दै आएको थियो । हाल ‘छक्का पञ्जा ४’का लागि टिकट दर १२ युरो तोकिएको ढकालले जानकारी गराएका छन् ।


**हरिनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हरिनगर, सुनसरी, प्रदेश नं.१, नेपाल**

**हरिनगर गाउँपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।



**दुहवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुहवी, सुनसरी**
**प्रदेश नं.१, नेपाल**

**दुहवी नगरपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर पालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



**छिन्नमस्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**छिन्नमस्ता, सप्तरी**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*



**कनकाई नरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनवारी, झापा**

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : **दीपेन्द्रविक्रम तामाङ**, सम्पादक: **मदनकुमार श्रेष्ठ**